news 24 दैनिक

वर्ष १३ अंक ०७ राष्ट्रिय दैनिक | २७ साउन २०८२, मंगलबार भदौ कृष्ण तृतीया | नेपाल संवत् ११४५ | Tuesday 12 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



**बौद्धको घोनाई** : काठमाडौंको बौद्धमा सोमबार रोपाइँ जात्रा मनाइँदै। जात्राको ऱ्यालीमा हलगोरु, बाउसे, रोपाहार, लाखे नाचसँगै देशको राजनीतिक घटनाक्रमलाई व्यंग्य गर्ने प्रस्तुति थियो। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# अर्को फैसला नहुन्जेल रवि थुनामै

**काठमाडौं, साउन २६**

रुपन्देही जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पौने ३ करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेर थुनाबाहिरै बस्न पाउने माग अस्वीकार गरेको छ। जिल्ला न्यायाधीश नारायण सापकोटाको इजलासले लामिछानेले मागे बमोजिम नहुने सोमबार फैसला गरेको हो।


अब मुद्दाको फैसला नहुञ्जेल लामिछानेले थुनाबाहिरै बसेर मुद्दा लड्न पाउने आशाको ढोका लगभग बन्द भएको छ। उनी अब रुपन्देही जिल्ला अदालतबाट मुद्दाको फैसला नहुन्जेल थुनामै बस्नुपर्ने भएको छ। हालसम्म प्राप्त प्रमाणका आधारमा गोर्खा मिडियामा प्रबन्ध निर्देशक हुनुअघि नै सहकारीबाट रकम लिएर आर्थिक कारोबारमा संलग्न रहेको अदालतको ठहर भइसकेको छ।

निजले मागे बमोजिम नहुने' अदालतले संक्षिप्त फैसला उल्लेख गर्दै सूचना अधिकारी पदम अर्यालले भने, 'बैंक ग्यारेन्टी राखेर थुनामुक्त हुने विषय विचारणीय रहे पनि सहकारी ऐन, संगठित अपराध निवारण ऐन सजाय हुन मागदाबी लिइएको पाइएको छ।' लामिछानेको हालसम्म बिगोसमेत यकिन भइनसकेको पनि अदालतले उल्लेख गरेको उनले बताए। 'मुद्दामा साक्षी बुझ्नेलगायतका थप प्रमाण बुझ्ने बाँकी रहेको अवस्थामा बैंक ग्यारेन्टी लिई तारेखमा राख्न मिल्ने देखिएन' अर्यालले भने।

सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि भैरहवा कारागारमा रहेका लामिछानेले रुपन्देहीमा दर्ता भएको मुद्दाका आधारमा आफ्नो भागमा परेको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बैंक ग्यारेन्टी दाखिला गर्दै थुनामुक्त हुन पाउने माग गर्दै साउन १९ मा निवेदन दर्ता गराएका थिए। मूल बिगो सबैलाई भाग लगाउँदै आफ्नो भागमा पर्ने रकम छुट्याएर प्रभु बैंकको ग्यारेन्टीपत्र निवेदनसाथ बुझाएका हुन्। त्यो निवेदनले उनी छुट्न सक्ने समर्थकहरूमा आस बढाएको थियो। 'आफ्नो पदीय गरिमा र जिम्मेवारीलाई आत्मसात् गरी बचतकर्ताको बचत रकम सुनिश्चित गर्ने प्रयोजनार्थ मेरोविरुद्ध अभियोगपत्रमा गलत ढंगले दाबी गरिएको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बैंक ग्यारेन्टी दाखिला गरिदिएको छु,' उनले निवेदनमा भनेका थिए।

सरकारले राजनीतिक प्रतिशोध साँधेर थुनामा राखेको भन्दै देश, विदेशमा हस्ताक्षर अभियान चलाइरहेका बेला अदालतमा निवेदन दिइएको थियो। रास्वपाले लामिछानेलाई छोड्न दबाबस्वरूप यो अभियान चलाएको हो। तर, अदालतमा मुद्दा विचाराधीन रहेकाले र अदालतमा प्रमाण अघि नै संकलन भइसकेकाले हस्ताक्षर अभियानले कुनै फरक पार्ने देखिँदैन।

जिल्ला र उच्च अदालतको पुनरावेदन हेर्ने अन्तिम अदालत सर्वोच्चले पनि उनलाई हालसम्म संकलित प्रमाणका आधारमा कसुरदार देखेरै पुर्पक्षका लागि थुनामै राख्नुपर्ने ठहर गरिसकेको छ। यसकारण पनि उनको बाहिर निस्कने आशामा पूर्णविराम लागेको हो।




नेपाल फोटो लाइब्रेरी

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा गत माघ १३ मा रूपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले लामिछानेलाई एक करोड धरौटीमा छोड्न आदेश गरेको थियो। त्यसविरुद्ध लामिछाने धरौटी बढी भएको भएको र धरौटी राख्नुपर्ने जरुरी नभएको माग गर्दै उच्च अदालत बुटवलमा निवेदन दर्ता गराएका थिए। त्यसपछि उनी पुर्पक्षमा आफैं फसेका हुन्। यता, सरकारी वकिल पक्षले रविलाई छोड्ने आदेश बदर र थुनामा राख्नुपर्ने माग गर्दै निवेदन दर्ता गराएको थियो।

त्यसपछि उच्च अदालतले तुलसीपुरको बुटवल इजलासका न्यायाधीशहरू रमेश ढकाल र स्वीकृति पराजुलीले जिल्ला अदालतको धरौटीमा छाड्ने आदेश बदर गर्दै लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेका थिए। गत चैत २२ मा आदेश आएकै दिन लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी भैरहवा लगिएको थियो।

कानूनका जानकारहरूका अनुसार मुद्दा दर्ता भएको अदालतबाटै मुद्दाको फैसला नभएसम्म उनी थुनामै रहनुपर्ने बाध्यता छ। जिल्ला अदालतमा मुद्दा फैसलाका लागि सुनुवाइका क्रममा आफू कसुरदार नभएको भनेर प्रमाण दिन सके मात्र उनी थुनामुक्त हुने कानूनी व्यवस्था छ। उनीविरुद्ध विभिन्न जिल्ला अदालतमा सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधको मुद्दा दर्ता भएका छन्। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ को २ मा भनिएको छ, '...थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आए मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छाड्ने आदेश दिन सक्नेछ।'

एक सरकारी वकिल भन्छन्, 'अन्तिम अदालत सर्वोच्चले नै पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरिसकेको छ। अब सामान्यतया मुद्दाको फैसला नहुन्जेल उनी छुट्ने सक्ने आधार छैन।'

*बाँकी पृष्ठ २ मा...*


## यो अंकमा



**दोहोरो नागरिकताको अफ्रिकी मोडेल**

*हिजो देशले आफ्नो वर्चश्व र स्वार्थ कायम राख्न नागरिकता सम्बन्धी कठोर प्रावधान राख्ने गरेको थियो भने आज उदार हुनुपर्ने भएको छ।*
*(सुरेन्द्र श्रेष्ठको विचार)*

- **अनलाइन सञ्चारमाध्यम दर्ता नवीकरणको नयाँ व्यवस्थाविरुद्ध रिट**
- **कैलाली कारागारमा मृत्यु भएका चौधरीको शव परिवारले बुझे**
- **गाजामा अल जजीराका पाँच पत्रकारको हत्या**
- **पानी नपर्दा कुलेखानीको जलस्तर घट्यो ऊर्जा आपूर्तिमा प्रभाव पर्ने**
- **हरित ऊर्जामा अष्ट्रेलियन लगानीको प्रतिबद्धता**
- **सामसङका स्मार्टफोन प्रयोगकर्ताका लागि मर्मत क्याम्प**


# गण्डकी सरकारले लगायो कर्मचारी दरबन्दीमा कैंची

**४१ अधिकृत, ९६ सहायक, ४८ श्रेणीविहीन कर्मचारी कटौती**

पोखरा । गण्डकी प्रदेश सरकारले सात निर्देशनालय र दुई वटा केन्द्र खारेजसँगै एक सय ८५ कर्मचारी दरबन्दी घटाउने निर्णय गरेको छ। यसमा अधिकृतस्तरका ४१, सहायकस्तरका ९६ र श्रेणीविहीन ४८ परेका छन्।

गण्डकी प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशको विद्यमान खर्च कटौतीसँगै प्रशासनिक संरचनालाई मितव्ययी बनाउनले लक्ष्यका साथ यो निर्णय गरिएको पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताएका हुन्।

उक्त निर्णयसँगै खारेज गरिएका निर्देशनालयहरूबाट प्रवाह हुँदै गरेका काम तथा सेवाहरू आगामी दिनमा मन्त्रालयका महाशाखाहरूबाटै उपलब्ध गराउने जानकारी दिँदै उनले यसबाट सेवा प्रवाहमा कुनै असर नपर्ने बताए।

त्यस्तै प्रदेश सरकारले जिल्लास्तरका विभिन्न ३२ वटा निकायलाई गाभेर १७ वटामा झार्ने निर्णय गरेको छ। खारेज हुने निर्देशनालयहरूमा पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पूर्वाधार विकास निर्देशनालय, वन निर्देशनालय, शिक्षा विकास निर्देशनालय र प्रादेशिक स्वास्थ्य निर्देशनालय छन्। खारेज भएका केन्द्रमा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र र प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र छन्। यसअघि प्रदेशको विद्यमान प्रशासनिक संरचना बोझिलो भएको र खर्च धान्न नसकिने अवस्था आएको भन्दै सरकारले अध्ययन गराएको थियो।

# 'आफ्नै खुशीले को बन्छ यौनकर्मी'

**जुनु भट्टराई**
**विराटनगर, साउन २६**

विराटनगरमा जनपथ टोलबाट छिर्ने गल्लीभित्रको एउटा घरको अँध्यारो र साँघुरो कोठा। ढोका खोल्नसाथ देखिन्छन् भित्तामा टाँसिएको पुरानो पात्रो, कुनामा थन्क्याइएको थोत्रो झोला, अनि असरल्ल मिल्किएका जिन्सका केही थान पाइन्ट र कुर्ताहरू। त्यही कोठामा चुपचाप बित्ने गर्छ एक महिलाको अधिकांश समय।

केही समयअघि मात्र आफूलाई 'एचआईभी पोजेटिभ' भएको थाहा पाइन। त्यो जानकारीले एकपटक उनको पूरै जिन्दगी हल्लायो। उनी भताभुंग भइन्। मनमा अनगिन्ती प्रश्नहरू काँडा झैँ गाडिरहेका थिए। 'कसले दियो मलाई यो रोग ? अनि मबाट कसकसलाई सऱ्यो होला ?' उनी कहिलेकाही आक्रोश पोख्छिन् आफैंसँग। 'दोषी म मात्रै हो त ?' मनमा कुरा खेलाउँदै भन्छिन्, 'हरेक पटक कण्डममात्र प्रयोग गराएको भए म संक्रमित हुने थिइनँ, म भइहाले पनि मबाट अरूलाई त सर्दैनथ्यो कि !'

आठ वर्षअघि उनी काठमाडौं जाँदा उनी २४ वर्षकी थिइन्। त्यतिबेला, उनीसँग सुख र खुसीसाथ बाँच्ने सपनामात्र थियो, त्यति ठूलो सपना केही थिएन। अझ भनौं दुई छाक खान पाइने, इज्जतले बाँच्न पाइने जीवनको मात्रै। चिनजानका मान्छेले फर्निचर पसलमा काम लगाइदिए। साहुले उनको कमजोर अवस्था देखे। बाबु नभएको, घरको सबै जिम्मेवारी उनको काँधमा भएको। सुरुमा निकै सहानुभूति देखाए, तलबबाहेक सानोतिनो आर्थिक सहयोग पनि गरे।



- **यौनकर्मीमाथि मात्र दोष समाजको दोहोरो मापदण्ड**
- **पुरुषको भूमिका समाजमा यौन रोग फैलिन महत्त्वपूर्ण कारण**

सोझी महिला, सहजै विश्वास गरिन्, साहुको व्यवहारलाई 'दयालु' ठानेर सबै कुरा स्वीकारिन्। तर, समयसँगै उनले बुझिन् त्यो व्यवहारभित्र लुकेको स्वार्थ। विस्तारै त्यो 'सहयोग' शरीरमा अधिकार जमाउने बाटो बन्यो। त्यो वातावरण उनलाई सह्य भएन, उनले विस्तारै प्रतिकार गर्न थालिन्। साहुले विस्तारै तलब दिन छाडे, सम्मान भनै दिएनन्। त्यहीँबाट सुरु भयो उनको लडाइ, उनले फर्निचर पसलको काम त्यागिन्।


फर्निचर पसलको काम छोडे पनि कामको आवश्यकता भने अझै उस्तै थियो, बरु बढेको थियो। कोठाभाडा तिर्नुपर्थ्यो, बहिनीहरूको स्कुलको शुल्क, किताब कापीदेखि घर खर्चको जिम्मेवारी उनको काँधमा यथावत थियो।

एक चिनजानको साथीमार्फत उनी एउटा रेष्टुरेन्टमा काम गर्न थालिन्। त्यो रेष्टुरेन्टसँगै डान्सबार सञ्चालनमा थियो। 'सुरुमा त वेट्रेसको काम हुने सोचेकी थिएँ,' उनी सम्झन्छिन्, 'तर विस्तारै थाहा भयो, रेष्टुरेन्टको सिफ्ट सकेपछि, ग्राहकलाई 'मनोरञ्जन' दिनुपर्ने बाध्यता रहेछ।' नेपालका ९० प्रतिशत डान्सबारमा काम गर्ने केटीहरूलाई कसरी यौनपेसामा लाग्न बाध्य पारिने गरेको उनको दाबी छ। उनी भन्छिन्, 'रक्सी खुवाइन्छ, होस गुमाइन्छ, अनि होस् आउँदा शरीर लुटिइसकेको हुन्छ।'

एचआईभी संक्रमित भएको थाहा पाएपछि हिजोआज कहिलेकाहीं आफ्नो कारण अर्काको जीवन बर्बाद भएकामा उनी नराम्ररी पिरोलिने गर्छिन्। 'कसैको श्रीमती, कसैको आमा, कसैको छोरी सम्झन्छु म,' उनी भन्छिन्, 'तर म भत्किसकेपछि त्यसको मूल्य ममात्रै किन तिर्नु ?'

यो अवस्था आउनुमा आफ्नो मात्रै दोष होइन भन्ने कुरा विस्तारै बुझ्न थालेकी छन्। उनी भन्छिन्, 'नैतिकताको दोष किन सधैं महिलामाथि मात्रै लाग्ने गर्छ ? चरित्र भन्ने शब्द समाजले महिलामाथि मात्रै किन प्रयोग गर्छ ?'

*बाँकी पृष्ठ २ मा...*

## वन्यजन्तु संरक्षणमा सामूहिक प्रयासको उदाहरण

# प्रतिकूलतालाई चिर्दै पुनर्जीवन पाएका ‘लियो’

**प्रतीक्षा आले**
**गोरखा, साउन २६**

तस्वीरमा देखिएको यो शावक (चितुवाको बच्चा) लाई कास्कीको पचभैया वन्यजन्तु उद्धार केन्द्र, वन विभागका कर्मचारी सबैले लाडप्यारले ‘लियो’ भनेर बोलाउँछन् । गत माघ २१ मा गोरखाको पालुङटार-१० मिरकोटको सामुदायिक वनबाट लियोको मरणासन्न अवस्थामा उद्धार गरिएको थियो । करिब तीन हप्ताको लियो जंगलमा कराइरहेको अवस्थामा स्थानीयले फेला पारेका थिए । लियोकी आमा र अर्को शावक नजिकै मृत फेला परेका थिए । स्थानीयले भेट्दा लियो पिलपिल रोइरहेको थियो ।

डिभिजन वन कार्यालय गोरखालाई उनीहरूले लियो बुझाएका थिए । डिभिजन वन कार्यालयका प्रमुख मदन मोहन शाण्डिल्यले भने, ‘घटनास्थलमा लियोको आमा र उसको लियोसँगैको अर्को बच्चा मरिसकेका थिए । लियो भने रोइरहेको, कराइरहेको अवस्थामा फेला परेको थियो ।’

नाजुक अवस्थामा फेला परेको लियोलाई स्थानीय बासिन्दा, वन कार्यालय र वन्यजन्तु विशेषज्ञहरूले छिटो उद्धार गरेको कारण बाँच्न सफल भएको उनले बताए । लियोकी आमा र उसको अर्को बच्चाको मृत शरीर बेलायतको केन्ट विश्वविद्यालयकी विद्यावारिधिका शोधार्थी तथा वन्यजन्तु पशु चिकित्सक डा जेसिका बोडजीनरले परीक्षण गरेकी थिइन । बोडजीनरको परीक्षण प्रतिवेदनमा उनीहरूको मृत्यु भाले चितुवाको आक्रमणमा भएको अनुमान गरिएको छ ।

‘भाले चितुवाले उनीहरूमाथि घातक आक्रमण गर्‍यो । आफ्ना बच्चाहरूको रक्षा गर्ने क्रममा आमा अनि एउटा बच्चा मारिए,’ बोडजीनरले भनिन्, ‘बाघ वा चितुवाजस्ता ठूला बिरालो प्रजातिमा ‘इनफ्यान्टिसाइड’ भन्ने व्यवहार हुन्छ । जसमा भालेले आफ्नो नभएका बच्चाहरू मार्न खोज्छन्, जसले पोथीलाई पुनः प्रजनन अवस्थामा ल्याउन चाहन्छन् ।’


> चितुवाका टुहुरा बच्चाहरूलाई मान्छेका हातले हुर्काउनु अत्यन्तै चुनौतीपूर्ण हुन्छ र धेरैजसोलाई त बचाउनै सकिँदैन

लियो सँगैको अर्को शावकको आक्रमण र भोकका कारण मृत्यु भएको हुनसक्ने डा. बोडजीनरको अनुमान छ ।

सुरुमा चिकित्सकहरू लियो बाँच्छ या मर्छ भन्नेमा निश्चिन्त थिएनन् । ‘हाम्रा कर्मचारीले लियोलाई भेट्दा, ऊ दुई दिनभन्दा बढी बाँच्ला भन्ने लागेकै थिएन,’ डिभिजन वन कार्यालय प्रमुख शाण्डिल्य भन्छन्, ‘सानो र कमजोर थियो, अहिले स्वस्थ हुँदै गएको खबर सुन्दा हामी अत्यन्तै खुसी छौं ।’

लियोलाई डिभिजन वन कार्यालय गोरखामा प्राथमिक उपचारपश्चात थप उपचार र संरक्षणका लागि कास्कीको पचभैया वन्यजन्तु उद्धार केन्द्रमा सारिएको थियो । त्यहाँका डा. किशोर आचार्यको नेतृत्वमा उसलाई २४ सै घण्टा हेरचाह गरियो । उद्धार केन्द्रमा लियोलाई बोतलबाट दूध खुवाउनेदेखि दिसा-पिसाब गराउन सहयोग गरिएको डा. आचार्यले बताए । ‘लियो बाँचेको तथ्य आफैंमा उद्धार केन्द्रको कर्मचारीको समर्पण र कडा मेहनतको प्रमाण हो,’ उनले भने, ‘टुहुरा चितुवा बच्चाहरूलाई हातले हुर्काउनु अत्यन्तै चुनौतीपूर्ण हुन्छ र धेरैजसो त बाँच्नै सक्दैनन् । भारतमा भएका यस्तै प्रयासहरूका तथ्यांकले ५० प्रतिशतभन्दा बढी हातले हुर्काइएका चितुवा बच्चाहरू जिउँदै रहन नसक्ने देखाउँछ । तर, लियोले यी सबै प्रतिकूलतालाई जितेको छ ।’

लियोले सुरुमा ढिलो प्रगति गरे पनि हाल छिटोछिटो तन्दुरुस्त हुँदै गएको छ । ‘अहिले लियोको तौल १२ किलोग्राम पुगेको छ । जुन उसको उमेरका लागि स्वस्थ तौल मानिन्छ,’ उनले भने । हालसालै गरिएको स्वास्थ्य परीक्षण र एक्सरेले उसमा छातीमा कुनै किसिमको समस्या नभएको पुष्टि भएको डा. आचार्य बताउँछन् ।



लियोको बढ्दो आकारलाई ध्यानमा राख्दै, वाइल्ड टाइगरका संरक्षणकर्मी ज्याक किनरोसले जेन गुडअल इन्स्टिच्युटसँगको सहकार्यमा नयाँ घेराबार प्रणाली निर्माणका लागि आर्थिक स्रोत जुटाएका छन् । यसले लियोलाई भविष्यमा पुनः प्राकृतिक आवासमा फर्काउन सकिन्छ कि भन्ने मूल्यांकन प्रक्रिया सुरु गर्न मद्दत पुर्‍याउने बताइएको छ ।

स्थानीय समुदाय, वनका कर्मचारी र पशु चिकित्सक बीचको समन्वयले लियोको नयाँ जीवन सम्भव भएको कास्कीका डिभिजन वन अधिकृत कोमलराज काफ्लेले बताए । ‘लियोको सफल उद्धार र पुनःस्थापना आफैंमा सबै मिलेर संरक्षणको क्षेत्रमा काम गरे के प्राप्त गर्न सक्छौं भन्ने उत्कृष्ट उदाहरण हो,’ उनले भने । हालका लागि, लियोलाई पोखरा जुलोजिकल पार्कमा विशेष निगरानीमा राखिएको छ । उसको जीवनको यो अद्वितीय संघर्ष र सफलताले नेपालभरिका संरक्षणकर्मीलाई आशा र प्रेरणा दिइरहेको छ ।

*रासस*

# अनलाइन सञ्चारमाध्यम दर्ता नवीकरणको नयाँ व्यवस्थाविरुद्ध रिट

news24
**काठमाडौं, साउन २६**

सूचना विभागले अनलाइन सञ्चारमाध्यम दर्ता एवं नवीकरणको काम स्थगन गरेको विषयमा सोमबार सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । अधिवक्ता अनिल आचार्यले विभागबाटै अनलाइन पत्रिका दर्ता र नवीकरणको काम थाल्न माग गर्दै रिट निवेदन दर्ता गरेका हुन् ।

रिट निवदेनमाथि मंगलबार प्रारम्भिक सुनुवाइ हुनेगरी पेसी तोकिएको छ । अनलाइन पत्रिका जिल्ला प्रशासन कार्यालयबाटै दर्ता गर्नेगरी विभागले पत्राचार गरेको थियो । सूचना विभागको त्यही पत्रलाई आधार बनाएर रिट निवेदन दर्ता भएको हो । रिट निवेदकले सूचना विभागबाट हुँदै आएको अनलाइन पत्रिका दर्ता र नवीकरणको कार्य स्थगन नगर्न नगराउन माग गरेका छन् ।

केही नेपाल संशोधन ऐनमार्फत संशोधन गरी सरकारले सूचना विभागको कामलाई जिल्ला प्रशासन कार्यालयमा सारेको हो । ‘सूचना विभागले साउन २० मा एक पत्रद्वारा ‘यस विभागबाट हुँदै आएको अनलाइन पत्रिका दर्ता तथा नवीकरणको कार्य स्थगन गरिएको’ जानकारी गराएको थियो ।

संशोधित कानून संविधानविपरीत भएको दाबी रिट निवेदकको छ । कानून संशोधन गरी भएको पत्राचारले अनलाइन सञ्चारमाध्यम बन्देज लगाउने प्रबल सम्भावना रहेको उनले चिन्ता व्यक्त गरेका छन् । कानून संशोधन सविधानको धारा १९ सँग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८ मा संसोधन गरी साउन १४ मा राजपत्रमा प्रकाशित गरिएको थियो ।

संशोधन तथा त्यसको आधारमा सूचना तथा प्रसारण विभागले ‘अनलाइन सञ्चारमाध्यममाथि अंकुस लगाउने दूषित भावनाले सूचना तथा प्रसारण विभागले २०८२ साउन २० मा यस विभागबाट अनलाइन सञ्चारमाध्यम संचालन

> मुद्दामा सूचना विभागले सञ्चारमाध्यम दर्ता एवं नवीकरणको काम जिल्ला प्रशासनको जिम्मा लगाउनु प्रेस स्वतन्त्रता र सूचनाको हकविरूद्धको कदम भएको जिकिर

निर्देशिका २०७३ बमोजिम हुँदै आएको दर्ता तथा नवीकरणको कार्य स्थगन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ’ भन्दै पत्राचार गरेको थियो ।

सरकारले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८ मा संशोधन गरेर जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको हो । संशोधित ऐनमा भनिएको छ ‘अनलाइन सञ्चारमाध्यम भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भइ इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, आवाज ग्राफिक्स, भिडियो, एनिमेसन तथा मल्टिमिडियाको प्रयोगमार्फत सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार तस्बिर, श्रव्य, श्रव्यदृश्यका रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने संस्था वा माध्यम सम्झनुपर्छ ।’

ऐनको दफा ७ मा अनलाइन सञ्चारमाध्यम दर्ता गर्नुपर्ने : ‘अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने व्यक्तिले त्यस्तो सञ्चारमाध्यम दर्ता गर्नका लागि तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ’ भन्ने व्यवस्था गरिएको छ, ‘स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी दर्ता गर्न उपयुक्त देखिएको अनलाइन सञ्चारमाध्यम दर्ता गर्न सक्नेछन् ।’ यही संशोधित बुँदालाई टेकेर सूचना विभागले पत्राचार गरेको थियो ।

# कता छ सरकार, कता छन् ठेकेदार




**प्रवेशकुमार मिश्र**
**सप्तरी, साउन २६ –**

सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिर जाने मुख्य मार्ग लामो समयदेखि जीर्ण छ । सदरमुकाम राजविराजदेखि सखडा हुँदै गोविन्दपुरसम्मको उक्त सडक अविलम्ब निर्माण हुनुपर्ने माग गर्दै सोमबार स्थानीयबासीले प्रदर्शन गरेका छन् ।

पूर्वमन्त्री तथा संविधानसभा सदस्य उमेश यादवको नेतृत्वमा प्रदर्शन भएको हो । सडक निर्माणमा सरकारले उदासीनता देखाएको भन्दै स्थानीयले पैदल माचसँगै मैनबत्ती बालेर प्रदर्शन गरेका हुन् ।

उनीहरूले ‘कता छ सरकार, कता छ ठेकेदार ?’ भन्दै नाराबाजी गरे । सरकार र ठेकेदारले जिम्मेवारी पूरा नगर्दा जनताले दुःख पाएको स्थानीयको भनाइ छ । ठेकेदारले काम अलपत्र छाडेपछि राजविराज-हनुमाननगर-पातो-कठौना, राजविराज-तिलाठी-रम्पुरा मल्हनिया लगायतका मार्गहरू निर्माणको काम वर्षौंदेखि अलपत्र छ । यसले सर्वसाधारणलाई दैनिक आवागमनमा कष्टकर छ । ‘सरकारमा बसेकाहरूले यहाँ ध्यान नदिंदा सडक नबनेको हो,’ यादवले भने, ‘हामी बाध्यता भएर प्रदर्शनमा निकस्नुपरेको हो ।’ काम नगर्ने ठेकेदारलाई हटाएर सरकारले निर्माणको विकल्प दिनुपर्ने उनले बताए । प्रदर्शनपछि यादवले सार्वजनिक खरिद ऐनमा व्यापक सुधारको आवश्यकता औंल्याए ।

लापरवाही गर्ने ठेकेदारलाई सरकारले कारबाहीको सट्टा म्यादमाथि म्याद थपमात्र गर्ने गरेको आरोप यादवले लगाए । ‘नटेर्ने ठेकेदारलाई सरकारले कारबाही गर्ने सकेको छैन,’ उनले भने, ‘त्यसैले त हामी सरकारलाई खोज्दै आयौं, ठेकेदारलाई खोज्दै आयौं । सरकार बनाउने ती जनप्रतिनिधिलाई खोज्दै आयौं ।’ काम नगर्ने ठेकेदारलाई नै जिम्मेवारी दिइरहनु भ्रष्टाचार भएको उनले बताए ।

स्थानीयस्तरमा सडक खण्ड मर्मतका लागि पटक-पटक उठिरहेका आवाजलाई सरकारले नजरअन्दाज गर्न नहुने उनले बताए ।

# बस र माइक्रो ठोक्किँदा पाँचको मृत्यु

इनरुवा (सुनसरी) । सुनसरीको भोक्राहा नरसिंह-३ जलुवा टोलस्थित पूर्वपश्चिम राजमार्गमा सोमबार बिहान भएको सवारी दुर्घटनामा मृत्यु हुनेको संख्या पाँच पुगेको छ ।



मृत्यु हुनेमा सप्तरी महादेवा-६ का ३५ वर्षीय शंकर मण्डल, तिरहुतकी ६० वर्षीया अनारवतीदेवी यादव, गोइठीका ६८ वर्षीय जीवछ महत्मान, सुनसरीको कोशी-६ का ७० वर्षीय लक्ष्मण सदा र विराटनगर-१० का ४० वर्षीय अशोक यादव जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले बताए ।

काँकडभिट्टाबाट खोटाङको दिक्तेल जाँदै गरेको मे१ख १७९९ नम्बरको बस र विपरीत दिशाबाट आएको गरेको प्र २-०१-००१ ज ००४७ नम्बरको विंगर माइक्रोबस राजमार्गमा जुध्दा दुर्घटना भएको हो । शंकर, लक्ष्मण र अशोकको ग्लोबल कार्डियो एण्ड न्यूरो अस्पताल भोक्राहामा, अनारवतीको जिल्ला अस्पताल इनरुवामा र जिवछको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको डीएसपी खतिवडाले बताए । दुर्घटनाका घाइतेमध्ये पाँच जनाको मृत्यु भएको हो भने २३ जनाको उपचार भइरहेको र अवस्था सामानइ रहेका तीन जनालाई घर पठाइएको प्रहरीले जनाएको छ । २० जना घाइतेको ग्लोबल कार्डियो एण्ड न्यूरो अस्पताल भोक्राहा र विराटनगरको गोल्डेन अस्पतालमा उपचार भइरहेको छ । *रासस*

# पाँच कार्टुनिष्टलाई बराथ स्मृति सम्मान

काठमाडौं । नेपाल कार्टुनिष्ट क्लबले पाँच कार्टुनिष्टलाई बराथ स्मृति सम्मान प्रदान गरेको छ । क्लबले काठमाडौंमा सोमबार आयोजना गरेको समारोहमा सम्मान गरेको हो । सम्मानित हुनेमा अशोकमान सिंह, जीवन राजोपाध्याय, रविन सायमी, राजेश केसी र अविन श्रेष्ठ छन् । उनीहरूलाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले दोसल्ला ओढाएर कदरपत्रसहित सम्मान हस्तान्तरण गरेका हुन् ।

पाँच दशकदेखि नेपाली कार्टुन क्षेत्रमा सक्रिय अग्रज कार्टुनिष्ट सिंहको नेपाली कार्टुनको संस्थागत आधार तयार पार्नमा महत्त्वपूर्ण भूमिका छ । यस्तै, अर्का कार्टुनिष्ट राजोपाध्यायले २०४४ सालमा कामना मासिक पत्रिकाबाट कार्टुनिष्टका रूपमा काम थालेका हुन् ।

यस्तै, चार दशकदेखि सक्रिय अर्का कार्टुनिष्ट रविन सायमीले दृष्टि साप्ताहिकबाट काम थालेका हुन् भने राजेश केसी तीन दशकदेखि कार्टुन पत्रकारितामा सक्रिय छन् । अविन श्रेष्ठ २०५० सालदेखि गोरखापत्रबाट यो क्षेत्रमा सक्रिय छन् ।

कार्यक्रममा कुलपति हार्तम्छालीले यसरी सम्मान प्रदान गर्दा कार्टुन कला सिर्जनामा प्रोत्साहन मिल्ने बताउँदै आगामी दिनमा प्रतिष्ठान पनि सहकार्य गरेर कार्टुन कलाको विकासमा लाग्ने प्रतिबद्धता जनाए । कार्टुनलाई एनिमेसनसँग जोडेर लैजानुपर्नेमा उनको जोड थियो । एआईको तीव्रत्तर विकाससँगै कार्टुनलाई पनि सोहीअनुसार रुपान्तरण गर्न जरुरी रहेको भनाइ पनि उनले राखे ।

नेपाल कार्टुनिष्ट क्लबका अध्यक्ष बासु क्षितिजले कार्टुन क्षेत्रको विकास र यसमा लागिरहेका व्यक्तिहरूको सम्मानका लागि आफूहरू थप क्रियाशील हुने बताए ।

## आजको राशिफल

**मेष** — आजको दिन परिश्रमअनुसार सफलता मिल्नेछ । अधुरो काम पूरा हुनेछ । जिम्मेवारी बढ्न सक्छ । आम्दानीमा वृद्धि हुनेछ । व्यापारमा राम्रो फड्को मार्न सकिनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ ।

**वृष** — दैनिक फाइदाको खोजीले दीर्घकालीन योजना अवरुद्ध गर्न सक्छ । तर, सुधारको अवसर प्राप्त हुनेछ । पशुधन वा सम्पत्ति सम्बन्धी काम लाभदायक हुनेछ । टाढिएका नातेदार नजिक हुनेछन् ।

**मिथुन** — सम्मानको अवसर प्राप्त हुने योग छ। लोकप्रियता बढ्नेछ । प्रतिस्पर्धीको सामना गर्नु पर्नेछ । व्यापारमा हुने लाभ बाँडिन सक्छ । आत्मबलका साथ काम गर्दा सफलता पाइने छ ।

**कर्कट** — सकारात्मक सोचले नयाँ काम थाल्ने आँट आउनेछ । बोलीको प्रभाव लाभकारी हुनेछ । धन तथा ज्ञानको बढ्ने छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**सिंह** — दिन फलदायी देखिन्छ । नयाँ अवसर र सल्लाहले काम सफल हुनेछ । गल्ती सुधार्ने मौका पाइनेछ । पहिरन, व्यक्तित्व र बोलीको प्रभाव वृद्धि होला ।

**कन्या** — फाइदाका लागि लगानी गर्नुपर्ला । अनावश्यक खर्चको योग छ । टाढाका कसैसँग सहकार्यको सम्भावना छ । पछिका लागि लगानीयोग्य समय छ ।

**तुला** — बढ्दो आम्दानीले आत्मबल उच्च हुनेछ । नयाँ अवसरहरू पाइनेछन् । जिम्मेवारी पनि बढ्न सक्छ । व्यापार वा आम्दानीमा लाभ हुने दिन छ ।

**वृश्चिक** — प्रतिष्ठा बढ्ने देखिन्छ । समाजमा नेतृत्व पाइने योग छ । परिश्रमले जीवनशैली रूपान्तरणदउ बूमिका खेल्नेछ। विशिष्ट व्यक्तिले साथ दिनेछन् ।

**धनु** — सामान्य प्रयासबाट पनि उल्लेखनीय सफलता मिल्नेछ । भाग्यले साथ दिनेछ । उपलब्धि प्राप्त हुनेछ। व्यवसाय र व्यक्तिगत दुवै क्षेत्रमा फाइदाजनक दिन छ ।

**मकर** — स्वास्थ्यमा समस्या आउन सक्छ, सतर्क रहनुहोला । लगानी सोचविचार गरी गर्नुपर्ला । गोपनीयता कायम राख्नु लाभदायक हुनेछ । कमजोरी सच्याइ अघि बढ्दा राम्रो हुनेछ ।

**कुम्भ** — नयाँ काममा अघि बढिनेछ । अरूको भरोसामा छाडेका काममा धोका हुन सक्छ । सरुवाको सम्भावना छ । अधिकारको प्रयोग गर्दा सावधानी अपनाउनु उचित हुनेछ ।

**मीन** — भावात्मक सम्बन्ध सबल रहनेछ । आफ्नो सोचलाई नयाँ दिशा दिन सक्नुहुनेछ । घरपरिवारमा मेलमिलाप वा सौहार्दता बढ्नेछ । आफन्तबाट सहयोग मिल्नेछ ।

## अर्को फैसला...

उनका अनुसार साक्षी परीक्षण भएर फैसला नहुन्जेल थुनामै बस्नुपर्ने कानूनी बाध्यता बनेको छ । ‘मुद्दा प्रक्रियाकै क्रममा यदि निर्दोष भएका प्रमाण जुटाउन सके भने मात्रै छुट्न सक्ने एउटा सम्भावना हो,’ उनी भन्छन् ।

उनीविरूद्ध रुपन्देहीसहित कास्की, काठमाडौं, चितवन, पर्सामा पनि सहकारी ठगीका मुद्दा दर्ता भइसकेका छन् । कास्कीमा सहकारी ठगी र संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि दर्ता भइसकेको छ । सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता भएपछि उनको सांसद पद निलम्बनमा छ ।

लामिछानेको गोर्खा मिडियामा एक करोड ८० लाख रुपैयाँ बराबरको सेयर रहेको देखिएको छ । उनले सर्तबमोजिम कम्पनीको १५ प्रतिशत सेयर निःशुल्क पाएको बयानमा उल्लेख गरिसकेका छन् । उनले आधिकारिक निकायमा पेस गरेको लगानी स्रोत फाराममा ‘अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैतृक सम्पत्तिबाट’ एक करोड ८० लाख रूपैयाँको सेयर लगानी गरेको उल्लेख छ । तर २०७७ भदौ १० मा भएको एमओएमा निःशुल्क १५ प्रतिशत सेयर दिने उल्लेख भएको थियो । त्यसले आफ्नै दुईवटा प्रमाण बाझिएको देखिएको छ । उनले २०७९ असार १ देखि कम्पनीबाट अलग रहेको जिकिर अदालतमा लिइसकेका छन् । उनले छोडिसकेपछि पनि कम्पनीको खाता सञ्चालककै हैसियतले विभिन्न मितिमा चेकमा हस्तान्तरण गरेको भेटिएपछि निरन्तर संलग्नता भएको अदालतले व्याख्या गरिसकेको छ ।

लामिछानेले गत साता रुपन्देही जिल्ला अदालतमा दिएको निवदेनमा मुद्दामा मागदाबी गरिएको रकममा प्रमाण, तथ्य र जाहेरवालाहरूको निवेदनमै उल्लेख गरेको रकमबीच कुनै तारतम्य नमिल्ने दाबी गरेका थिए । अभियोगपत्रमा मागदाबी गरिएको रकम २ करोड ७४ लाख ८४ हजार रुपैयाँ आफ्ना शुभचिन्तक आफन्तहरूमार्फत आएको निवेदनमा उल्लेख गरेका थिए । ‘रकमलाई देखाएर ममाथि भइरहेको राजनीतिक षड्यन्त्रलाई सफल हुन नदिन मेरा शुभचिन्तक र शुभेच्छुकहरू अग्रिम रूपमै ममाथि पारिएको भनिएको बिगो बराबरको रकम जम्मा गरिदिन तयार हुनुहुन्छ,’ निवेदनमा दाबी छ, ‘एक रुपैयाँ पनि फिर्ता नपाएका सुप्रिम सहकारीका बचतकर्ताहरूका लागि यो एउटा आशाको किरण र सरकारका लागि आवश्यक सकारात्मक दबाब हुनेछ ।’

रुपन्देही जिल्ला अदालतमा दर्ता गरिएको अभियोगपत्रमा गोर्खा मिडियामा आएको भनिएको रकम सुप्रिम सहकारीबाट नक्कली ऋण कागजात खडा गरी ल्याइएको उनको दाबी गरेका थिए । रुपन्देहीमा दर्ता भएको मुद्दामा १० करोड ९९ लाख ३६ हजार रुपैयाँ मागदाबी गरिएको छ । त्यसकै आधारमा उनले आफ्नो भागमा पर्ने रकम छुट्याएर प्रभु बैंकको ग्यारेन्टीपत्र निवेदनसाथ बुझाएका हुन् । ‘आफ्नो पदीय गरिमा र जिम्मेवारीलाई आत्मसात् गरी बचतकर्ताको बचत रकम सुनिश्चित गर्ने प्रयोजनार्थ मेराविरुद्ध अभियोगपत्रमा गलत ढंगले दाबी गरिएको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बैंक ग्यारेन्टी दाखिला गरिदिएको छु,’ निवेदनमा उल्लेख छ ।

## ‘आफ्नै खुशीले...

म जस्तै महिला रेष्टुरेन्टमा काम गर्न पुगिन् भने अनेक थोक भनिन्छ, तर त्यहाँ गएर रक्सी खाएर यौनको सौदा गर्ने पुरुषको चरित्रमाथि किन कसैले प्रश्न उठाउँदैन ?,’ उनी एकैपटक धेरै प्रश्न थुर्पादै भन्छिन्, ‘यौनकर्मीको ग्राहक पुरुष नै हुन् तर किन दोषी ठहरिन्छन् महिला मात्रै ?’

तपाईंहरूको क्षेत्रमा काम गर्ने यत्तिका धेरै संस्था छन्, सहयोग पाउनुभएन ? उनले प्रतिक्रिया दिइन्, ‘सहयोग पाउन पाए पनि त्यो साँचो हुँदैन जस्तो लाग्छ मलाई ।’ ती संस्था साँच्चिकै आफूहरूको पीडा बुझ्छन् र सहयोग गर्छन् भन्ने कुरामा उनलाई पटक्कै विश्वास छैन । समाजले महिला र पुरुषलाई हेर्ने हरेक दृष्टिकोण विभेदपूर्ण र पूर्वाग्रही रहेको उनको ठम्याइ छ ।

उनी भन्छिन्, ‘हामी जस्तो यौनकर्मी महिला एचआईभी संक्रमित भएको खबरले मात्र ती संस्थाहरूको ‘फण्ड’ आउँछ भन्ने हुन्छ । मिडियामा त हामीलाई देखाएर, हाम्रो कहानी सार्वजनिक गरेर आफूहरूको काम देखाउन खोज्छन् । तर के हामीलाई त्यो सार्वजनिक भएपछि हाम्रो परिवारको जिम्मा कसैले लिन्छ ? हाम्रो बच्चाको शिक्षा, हाम्रो दैनिकीको समस्या कसैले हेर्छ ?’ उनले भक्कानिँदै थपिन्, ‘मान्छे भएर होइन, एउटा आँकडा, एउटा विषय भएर मात्रै हाम्रो गणना हुन्छ । के कसैले हाम्रो आत्मसम्मान बुझ्नेछ ? हाम्रो गरिमालाई सम्मान गर्ने कोही छ ?’

एचआईभी संक्रमित भएको थाहा पाएपछि उनलाई आफ्नो जीवन समाप्त भए जस्तै लाग्यो । समाजका पीडादायी शब्द, अपमानले उनलाई आफू असहाय महसुस भयो । धेरैपटक देहत्याग गरौं कि भन्ने सोच पनि आयो, तर परिवारको जिम्मेवारीले उनलाई त्यसो गर्न दिएन । नियमित औषधि सेवन गरेपछि बाँच्न सकिन्छ भन्ने थाहा पाएपछि मनमा बाँच्ने चाह बढ्न थाल्यो ।

एचआईभीलाई जीवनको अन्त्य होइन भन्ने उनले बुझ्न थालिन् । आजकल मानिसहरूले रक्तचाप, मधुमेह जस्ता दीर्घरोगको औषधि नियमित रूपमा खाए जस्तै एचआईभी संक्रमितले पनि नियमित औषधि सेवन गरे रोग ठीक हुन्छ भन्नेमा उनी ढुक्क छिन् । सकारात्मक सोच, परिवार र साथीहरूको समर्थन र सामाजिक स्वीकारोक्तिले हरेक संक्रमितलाई नयाँ ऊर्जा दिन्छ भन्नेमा उनी विश्वस्त छिन् ।

समाजले यौनकर्मी महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन नसक्ने हो भने यसले भयावह रूप लिन सक्ने उनको धारणा छ । उनी भन्छिन्, ‘समस्याको मूल यौनकर्मी महिला मात्रै होइनन्, उनीहरूका उपभोक्ता पुरुष पनि हुन् । यसबारे समयमै ध्यान नदिने हो भने भोलि सिंगो समाज नै संक्रमित हुनसक्छ ।’

# स्वास्थ्य चौकी उद्घाटन नहुँदै प्रयोगविहीन

**दिलीप सहनी**
**सिरहा, साउन २६**

सिरहाको अर्नमा गाउँपालिका-५, कृष्णपुरमा ४० लाख रुपैयाँ खर्चेर निर्माण गरिएको स्वास्थ्य चौकी भवन उद्घाटन नभएपछि प्रयोगविहीन अवस्थामा छ। भवन तयार भए पनि राजनीतिक अडान र वडाध्यक्षको व्यक्तिगत हस्तक्षेपका कारण स्थानीयवासी स्वास्थ्य सेवाबाट वञ्चित भइरहेका छन्।

आर्थिक वर्ष २०८१/०८२ मा 'स्वास्थ्य चौकी स्तर उन्नति कार्यक्रम' अन्तर्गत किता नम्बर ४१५ मा रहेको ३ कठ्ठा ५ धुर क्षेत्रफलमा प्रदेश सरकारले अत्याधुनिक भवन निर्माण गरेको थियो। तर यहाँबाट सेवा सुरु नगरिएपछि स्वास्थ्य चौकी अहिले वडा कार्यालयको साँघुरो कोठामै सीमित रहेको छ।

स्थानीय भुवनेश्वर यादवका अनुसार, वडाध्यक्ष मनिकलाल यादवले भवनको स्थानप्रति असहमति जनाउँदै आफ्नै घर नजिक बनाउनुपर्ने अडान लिँदै आएका छन्। यही अडानकै कारण हालको सुविधा सम्पन्न भवनमा 'ताल्चा' लगाइएको छ। यादवले चौकी सञ्चालनमा व्यक्तिगत रुचिअनुसार हस्तक्षेप गर्दै आएको आरोप स्थानीयले लगाएका छन्।



गाउँपालिका अध्यक्ष अशोक यादवसमेत वडाध्यक्षकै पक्षमा रहेको र हालको भवन छोडेर यादवको घर नजिक अर्को भवन निर्माण गर्न दबाब दिइएको स्थानीय अगुवा सुलेशन साफीले बताए। उनले भने, 'हाल प्रयोगविहीन रहेको भवन वडा-५ का अधिकांश नागरिकका लागि सहज पहुँचमा छ र यो सबैका लागि उपयुक्त स्थानमा पनि छ।'

स्थानीयवासीहरूले स्वास्थ्य सेवा राजनीतिक हैकमको बलिबेदीमा चढाइनु आपत्तिजनक भएको भन्दै आक्रोश व्यक्त गरेका छन्। उनीहरूले तत्काल नयाँ भवनबाट सेवा सञ्चालन गर्न माग गरेका छन्। जनताको करको पैसाले बनेको भवन जनताकै पहुँचबाट बाहिर राख्नु गम्भीर जनविरोधी कदम भएको उनीहरूको आरोप छ।

यसबीच, स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा व्यक्तिगत अडानले अवरोध सिर्जना हुनु गम्भीर प्रश्नको विषय बनेको छ। स्थानीयले चेतावनी दिएका छन् - 'हाम्रो सेवा खोस्ने काम अब सहन सकिँदैन, यदि तत्काल समाधान गरिएन भने हामी सडकमा उत्रन बाध्य हुनेछौँ।'

# अटिजम बिरामीलाई सेन्टरभित्रै कुटपिट

**मनोज भुजेल**
**सुनसरी, साउन २६**

सुनसरीको इटहरीमा अटिजम बिरामी भएका बालकमाथि केयर सेन्टरकै कर्मचारीबाट कुटपिट भएको छ। इटहरी उपमहानगरपालिका वडा नं. २ स्थित प्रेरणा केयर सेन्टर प्रालिमा भर्ना भएका इटहरी ५ का १७ वर्षीय सक्षम कोइरालामाथि सेन्टरका कर्मचारीले निर्घात कुटपिट गरेका हुन्।

घटना साउन २३ गते शुक्रबार भएको बालकका आफन्तले बताएका छन्। साउन १५ गते मात्र सेन्टरमा भर्ना गरिएका बालकलाई सन्चो नभएको भन्दै सेन्टरबाट फोन आएपछि परिवार सेन्टर पुग्दा हात, ढाड, पाखुरा र तिघ्रामा चोटैचोट देखिएको थियो। अटिजम बिरामी भएकाहरूको स्वभाव अन्य बालबालिका भन्दा फरक हुने कारण स्याहार सुसार राम्रो हुने भनेर सेन्टरमा भर्ना गरेको अवस्थामा सेन्टरकै एक महिला कर्मचारीले बालकमाथि निर्घात कुटपिट गरको आफन्तहरूको दाबी छ। घटनापछि बालकलाई घर ल्याइएको र घटना छानबिनको लागि परिवारले इटहरी प्रहरीमा समेत उजुरी दिइएको अवस्था छ। अटिजम बिरामी भएको बालक थाहा हुँदाहुँदै फरक तरिकाले स्याहार गर्नुपर्नेमा छोरालाई बाधेर कुटपिट गरिएको बुवा शेखरप्रसाद कोइरालाले आरोप छ।

यता, कुटपिट गर्ने प्रेरणा केयर सेन्टरका संञ्चालक चूडामणि निरौलाले सेन्टरभित्र एक बृद्धसँगको विवादले कुटपिटको परिस्थिति बनेको र घटना नियतवश नभएको दाबी गरे। रातको समयमा महिला नर्स र कर्मचारीहरूको मात्र उपस्थिति रहने समयमा घटना भएको र चोटपटक लागेको बालकको उपचार समेत सेन्टरले गर्ने व्यहोर्ने निरौलाले बताए।

घटनापछि इलाका प्रहरी कार्यालय इटहरीमा दुवै पक्षबीच छलफल भए पनि पीडित परिवारले सेन्टरलाई कानूनतः कारबाहीको माग गरेका छन्। यस्तै इटहरीमा सञ्चालित अटिजम सेन्टरमा रहेका बिरामीहरूलाई गरिने स्याहारसुसार, व्यवहार र उपचारको विषयमा सरोकारवाला निकायहरूले अनुगमन गर्नुपर्ने समेत पीडित परिवारले माग छ।

# १४ वर्षपछि पनि अधुरै



**सिरहा, साउन २६**

तीन वर्षमा बन्नुपर्ने सिरहा र धनुषालाई जोड्ने कमला नदीमाथिको पुल १४ वर्षपछि पनि अधुरो छ। विसं २०६८ मा सुरु गरिएको ४६९ मिटर लामो पक्की पुलले हालसम्म 'पूरा हुने आशा' मात्र बोकेको छ, वास्तविक सुविधा भने दिन सकेको छैन।

यो पुलको निर्माण नहुँदा प्रत्येक वर्ष वर्षायाम सुरु हुनेबित्तिकै स्थानीयवासीका लागि यात्रा 'जोखिमको अर्को नाम' बन्ने गरेको छ। अस्थायी रूपमा बाँस र काठको भरमा बनाइने झोलुंगे पुल बर्सेनि बाढीले बगाउने क्रम दोहोरिरहेको छ। यस वर्ष पनि साउनको तेस्रो साता आएको बाढीले बाँसको पुल बगाएपछि केही दिन आवतजावत नै ठप्प भएको थियो। हाल पुनः बनाइएको काठे संरचनाले यात्रुहरूलाई केही राहत दिएको छ, तर जोखिम भने उस्तै छ।

**जोखिमपूर्ण यात्रा र मनपरी शुल्क**

स्थानीयवासीको गुनासो छ-पुल नबन्दा मात्र हैन, अस्थायी संरचनाबाट यात्रा गर्दा झनै पीडा बेहोर्नुपर्छ। सिरहा-६ का प्रवीण यादव भन्छन्, 'यो काठे पुलबाट हिँड्नै डर लाग्छ, तर विकल्प छैन। त्यसमा पनि यात्रुहरूसँग मनपरी शुल्क असुली भइरहेको छ।'

यादवका अनुसार पहिले रु २० शुल्क लिइन्थ्यो भने अहिले नगरपालिकाले निःशुल्क बनाएको दाबी गरे तापनि व्यवहारमा रु ५० सम्म तिर्नुपर्ने बाध्यता छ। 'एकातिर जोखिमपूर्ण यात्रा, अर्कातिर अनियमित शुल्क। जनतामाथि दोहोरो पीडा परेको छ,' उनी भन्छन्।

**कम्पनीहरूको लापरवाही, सरकारको कमजोरी**

पुल निर्माणको जिम्मा पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो। तर, पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले अघि बढाएको थियो। गत बाढीमा दुई वटा पाया भासिएपछि मर्मतका लागि आठ करोड रुपैयाँको बीमा रकम नपाएको भन्दै कम्पनीले पछिल्लो एक महिनादेखि काम रोकिदिएको छ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका सूचना अधिकारी इञ्जिनियर रञ्जितकुमार रायका अनुसार, लुम्बिनी बिल्डर्सले पनि समयमै काम नगरेको भन्दै अब सो कम्पनीलाई पनि कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ।

**प्रत्येक वर्ष बाँच्न संघर्ष**

वडाध्यक्ष इन्द्रजित यादवका अनुसार, पुल नहुँदा बाढीपछि पैदलयात्रुहरूलाई बाँसको भऱ्याङ चढेर वा डुङ्गाबाट नदी पार गर्नुपर्ने बाध्यता छ। सवारी साधनको त कुरा नै छाडौँ, आमनागरिकको हिँडडुल समेत बाधित हुने गरेको छ।

कमला नदीको यो अधुरो पुल, जसले स्थानीय जनजीवनमा सहजता ल्याउनुपर्ने थियो, उल्टो प्रत्येक वर्षको वर्षायाममा पीडाको प्रतीक बनेको छ।

जनताको सुरक्षासँग गाँसिएको यस्तो संरचनामा वर्षौंको ढिलासुस्ती केवल ठेकेदारको लापरवाही र सरकारको निरीहता मात्रै होइन, राज्य प्रणालीमै गहिरो कमजोरीको संकेत पनि हो।

अब पनि समयमै निर्माण नपुगे स्थानीयले आन्दोलित हुने चेतावनी दिन थालेका छन्। 'विकास' केवल नारामा सीमित नभइ व्यवहारमा देखियोस् भन्ने चाहना छ स्थानीयको, जो वर्षौंदेखि एउटा पुल बन्ने आशामा जीउज्यानको जोखिम मोलिरहेका छन्। - *रासस*

# कर्णालीमा 'राउटे करिडोर' निर्माण हुँदै

**साउन २६**

कर्णाली प्रदेश सरकारले लोपोन्मुख फिरन्ते राउटे समुदायको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि एक महत्वाकांक्षी योजना अघि सारेको छ–'राउटे करिडोर' निर्माण। यस वर्षको बजेटसँगै प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले सार्वजनिक गरेको कार्ययोजनामा, यो करिडोर राउटे समुदायको बसोबास, संस्कार, संस्कृति र जीविकोपार्जनको शैलीलाई संरक्षण गर्दै आधुनिक सेवासुविधासँग सहकार्य गर्ने प्रयासको रुपमा प्रस्तुत गरिएको छ।

दैलेख, सुर्खेत, सल्यानजस्ता कर्णालीका पहाडी जिल्लामा वन क्षेत्रमा अस्थायी टहरामा बस्दै आएका राउटेहरूको गत एक दशकको बसाइँ सराइको नक्साङ्कन, विभिन्न संवैधानिक आयोगहरूका सिफारिसहरू, राउटे समन्वय समितिको प्रतिवेदन र हालै सार्वजनिक गरिएको राउटे नीति नै करिडोरको आधार बन्नेछ। सामाजिक विकास मन्त्री घनश्याम भण्डारीका अनुसार, यो करिडोर केवल सडक या भौतिक संरचना होइन– यो राउटे जीवनशैलीसँग सहजीकरण गर्ने, उनीहरूलाई सम्मानजनक जीवनमा लैजाने एक सामाजिक मार्गचित्र हो।

यस करिडोरअन्तर्गत, राउटे समन्वय समितिको निर्णयमा आधारित 'प्रोफाइल प्रकाशन' गरिनेछ, जसले राउटे समुदायको इतिहास, संस्कृति, वर्तमान स्थिति र आवश्यकताहरूलाई समेट्नेछ। साथै, पोषणयुक्त खाद्य सामग्रीको नियमित आपूर्ति, प्रदेश तथा अन्य सरकारी अस्पतालहरूमा निःशुल्क स्वास्थ्य उपचार, बालबालिकाका लागि शैक्षिक सामग्रीको विकास र वितरण, क्षमता अभिवृद्धि कार्यक्रम, र कानुनी संरक्षणका व्यवस्था पनि यसै मार्फत लागू गरिनेछ।

मन्त्री भण्डारीका अनुसार, राउटे समुदाय हाम्रो मौलिक सांस्कृतिक पहिचान हो, जसको संरक्षण केवल राज्यको होइन, समाजको पनि साझा दायित्व हो। आधुनिक विकासका नाममा उनीहरूको स्वतन्त्रता र जीवनशैली मिचिनुहुँदैन, बरु उनीहरूको संस्कृति र परम्पराको सम्मान गर्दै समावेशी विकासको बाटो तय गर्नुपर्छ भन्ने सोचले करिडोरको अवधारणा जन्मिएको हो।

गत वर्ष राज्यले राउटे समुदायलाई लत्ताकपडा, त्रिपाल, खाद्यान्न सामग्रीजस्ता आवश्यक सहायता उपलब्ध गराएको थियो। यसैलाई थप संस्थागत गर्दै आगामी दिनमा राउटे समुदायलाई मूल प्रवाहमा ल्याउने कार्यमा गैरसरकारी संघसंस्थासँग समन्वयलाई निरन्तरता दिइने मन्त्री भण्डारीले स्पष्ट पारेका छन्।

राउटेहरूको जीवनशैली आज पनि परम्परागत स्वरूपमै आधारित छ। उनीहरूको मुख्य जीविकोपार्जन काठका सामग्री बनाएर वस्तु विनिमय प्रणालीमार्फत अन्न प्राप्त गर्नु हो। कृषि, पशुपालन वा अन्य स्थायी रोजगारी उनीहरूको संस्कृतिमा छैन। उनीहरू आफ्नै भाषा बोल्छन्, मौखिक परम्परा, गीत, नृत्यमार्फत सांस्कृतिक अभिव्यक्ति गर्छन् र समुदायको नेतृत्व मुखियाले गर्छन्। 'कल्याल', 'सोवंशी' र 'रास्कोटी' गरी तीन थरमा विभाजित यो समुदायको हालको जनसंख्या जम्मा एक सय ३५ छ, जसले अझै पनि आधुनिकताको तीव्र बहावबाट अलग जीवनशैली अपनाइरहेका छन्।

राउटे करिडोर निर्माणको यो प्रयास उनीहरूको असल संरक्षण मात्रै नभई नेपालको सांस्कृतिक विविधताको जगेर्ना र सम्मानतर्फको एउटा सार्थक कदम बन्नेछ। - *रासस*

## कैलाली कारागार घटना
# चौधरीको शव परिवारले बुझे

**निराजन परियार**
**कैलाली, साउन २६**

कैलाली कारागारमा कैदी बीचको हिंसात्मक झडपमा ज्यान गुमाएका धनगढी उपमहानगरपालिका-४ का भरत चौधरीको शव परिवारले बुझेका छन्।

जिल्ला प्रशासन कार्यालयले घटनाको न्यायोचित छानबिन हुने र मृतककी १५ वर्षीया छोरीको निःशुल्क शिक्षाका लागि पहल गर्ने प्रतिवद्धता जनाएपछि परिवारले सोमबार अपराह्न शव बुझेका हुन्।

यसअघि, हत्यामा संलग्न कैदीबन्दीको पहिचान गरी कारबाहीको दायरामा ल्याउनु पर्ने मागसहित परिवारले शव उठाउन मानेका थिएनन्।



लागुऔषध मुद्दामा सात महिनादेखि कैद भुक्तान गरिरहेका चौधरीको शुक्रबार राति कैदीबीच भएको हिंसात्मक झडपमा परेर ज्यान गएको थियो। मृतकका परिवारलाई प्रदेश सरकारले पाँच लाख रुपियाँ राहत सहयोग दिने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा छलफलपछि परिवारले दोषीमाथि कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन्।

जाहेरीपछि शवको पोष्टमार्टम गरी परिवारलाई बुझाइएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए।

मृतककी छोरीलाई निःशुल्क पढाउने व्यवस्था मिलाउने प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले प्रतिवद्धता जनाएपछि शव बुझेको मृतकका भाइ विजय चौधरीले बताए। उनले आफूहरूलाई न्याय चाहिएको र टुहुरी छोरीको शिक्षादीक्षाको निःशुल्क व्यवस्था सरकारले गर्नु पर्ने बताए। मृतककी छोरी आठ कक्षामा अध्ययनरत छिन्।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

Sirjana Gurung
Chairperson

Real Resource Management Pvt.Ltd.
GPO Box: 8975, Basundhara-3,Kathmandu
Tel: 01-5901005, Mob: 01-5924417
E-mail: sirjana@realresource.com.np
website: www.realsource.com.np

# कोरुङ्गा गाउँ पहिरोको चपेटामा

**साउन २६**

निरन्तरको वर्षासँगै पर्वत जिल्लाको मोदी गाउँपालिका-२ देउपुरस्थित कोरुङ्गा गाउँ पहिरोको उच्च जोखिममा परेको छ। भिरालो भूभागमा रहेको यो बस्तीमा भित्ताबाट निरन्तर खसिरहेको पहिरोका कारण पाँच घरधुरीका परिवार विस्थापित हुने अवस्थामा पुगेका छन्।

स्थानीय टीकाराम जैसीको घर पहिरोले पूर्ण रूपमा क्षतिग्रस्त बनाइसकेको छ भने कुमार केसीको घरसमेत उच्च जोखिममा परेको छ। पहिरोले बस्नै नमिल्ने अवस्था बनाएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा सर-सामान सुरक्षित स्थानमा सारिएको छ। पीडित परिवारका लागि अस्थायी टहरा निर्माण गरिएको छ।

**रातभर जाग्राम बस्ने बाध्यता**

स्थानीय बाबुराम जैसी भन्छन्, 'रातभर सुत्न सकिन्न, सुत्दासुत्दै पहिरो झर्ने डरले हामी पहरामा बस्छौं।' उनका अनुसार पहिरो सुरु भएको करिब एक दशक बितिसक्दा पनि रोकथामका लागि कुनै प्रभावकारी पहल नभएकोले वर्षेनी अवस्था झनै बिग्रँदै गएको छ।



**सडक निर्माणसँगै सुरु भयो जोखिम**

स्थानीयको भनाइ अनुसार, पातीचौर-देउपुर-लप्सीबोट सडक निर्माणपछि करिब १० वर्ष अघि कोरुङ्गा क्षेत्रमा पहिरोको सुरूवात भएको हो। भू-संरचना अध्ययनबिना निर्माण गरिएको सडकले गाउँको ढल निकास र पानीको बहावमा अवरोध गरेपछि पहिरोको जोखिम थप बढेको छ। यस वर्ष पनि सो सडक पूर्ण रूपमा अवरुद्ध भएको छ।

गत वर्ष सोही पहिरोका कारण गाउँपालिकाको केन्द्र र वडा नं. १, २, ३ र ४ लाई जोड्ने मुख्य सडक तीन महिना पूर्णरूपमा अवरुद्ध भएको थियो। यस वर्षको वर्षामा पनि कोरुङ्गा खण्डको झण्डै २ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ।

**वैकल्पिक सडक पनि अवरुद्ध**

स्थानीय शिक्षक भूमिराज शर्माका अनुसार मुख्य सडक बन्द भएपछि वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने भए पनि बेटेनी-गौँडा-टापु सडक समेत मर्मत नहुँदा सञ्चालनमा समस्या छ। यस्तै, नयाँपुल-मख-ठूलीपोखरी सडक समेत विभिन्न स्थानमा पहिरोले क्षतिग्रस्त बनाएको छ।

**सडक निर्माणमा अव्यवस्था र पहिरो जोखिमको जरो**

विशेषज्ञहरूले बताउँदै आएका छन् कि भौगोलिक र वातावरणीय संवेदनशीलता बेवास्ता गरी गरिएको सडक निर्माण नै अहिलेको मुख्य समस्या हो। यस्ता निर्माणमा उचित ढल निकासको योजना नहुनु, पानीको बहाव नियन्त्रण नगर्नु, र अध्ययन बिना मेसिन चलाइनु जस्ता लापरवाहीले पहिरो निम्त्याइरहेका छन्।

प्रहरी नायब उपरीक्षक रविन विष्टका अनुसार, पहिरो झर्ने क्रम रोकिएको छैन र कुनै पनि बेला पूरै बस्ती पहिरोमा पर्ने खतरा रहेको छ। जिल्ला प्रशासन कार्यालय तथा सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। - *रासस*

## सम्पादकीय

# संघीयताको सकस

*मधेश प्रदेशका अधिकांश स्थानीय तहले बजेट र नीति तथा कार्यक्रम निर्धारित समयमा ल्याउन सकेनन् । धनुषाका सातवटा पालिकाले अझै बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेका छैनन् । महोत्तरीको जलेश्वर नगरपालिकामा त्यस्तै समस्या देखिएको छ । सिरहाको सिरहा नगरपालिका, बाराको जीतपुरसिमरा उपमहानगर र निजगढ नगरपालिकाले मेयर-उपमेयरको विवादका कारण बजेट र नीति तथा कार्यक्रम प्रभावित भएको छ ।*

*सप्तरीका १३ स्थानीय तहले बजेट ल्याएका छैनन् भने सप्तरीका ४ पालिकाले नगर-गाउँ सभाको प्रक्रिया नै थालेका छैनन् । नीति तथा कार्यक्रम प्रस्तुत गरेका ९ वटा स्थानीय तहले पनि बजेट ल्याउन सकेका छैनन् । यस्तै, समस्या रौतहट, सर्लाही, पर्सामा त्यस्तै समस्या देखिएको छ ।*

*संघीय सत्ता गठबन्धनकै आधारमा स्थानीय नेतृत्व विभाजित हुँदा कतिपय स्थानीय तहमा नगरसभा नै बस्न सकेको छैन । जनप्रतिनिधिहरू बीचमै रहेको विवाद सुल्झाउन नेपाली कांग्रेस र नेकपा एमालेले स्थानीयस्तरमा गठन गरेको संयन्त्रसमेत काम गर्नुभन्दा आरोप प्रत्यारोपमै व्यस्त हुँदा समस्या निराकरण हुन नसकेको बुझिन्छ ।*

*यसले हाम्रो संघीयता अपेक्षाकृत परिमाणमुखी नभएको संकेत मिलेको छ । अधिकांश पालिकामा मेयर-उपमेयर बीचको द्वन्द्व र राजनीतिक स्वार्थ नै यसको कारण हो भन्ने घटना पुष्टि भएको छ । नगर सभामा एउटा पार्टीको बहुमत हुने र कार्यकारी पदमा अर्को पार्टीको मान्छे हुने भएकाले दलीय द्वन्द्व र मतभेद चर्किएको हो ।*

*नेपालको संविधान २०७२ ले संघीयताको प्रत्याभूत व्यवस्थापना गर्दै नेपालको शासन संरचनालाई संघ, प्रदेश र स्थानीय तह; नगरपालिका, गाउँपालिकामा तहमा विभाजन गरेको छ । संविधानले नै स्पष्टरूपमा सबै तहको एकल तथा साझा अधिकारहरू वितरण गरेको छ, जसले प्रत्येक तहलाई आफ्नो क्षेत्रको सेवा, कानून निर्माण र सञ्चालन गर्ने स्वतन्त्रता दिएको छ ।*

*संविधानको धारा ५६ (२) ले 'राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहले गर्ने' व्यवस्था गरिएको छ भने साथै धारा ६० मा कर लगाउने र राजश्व उठाउने आर्थिक अधिकार पनि स्थानीय तहलाई उपलब्ध गराइएको छ । त्यसबाहेक संविधानले स्थानीय तहलाई स्थानीय कारवाही, न्यायसम्बन्धी समिति, बजेट निर्माण, कर लगाउने अधिकार, तथा विकास योजना लागू गर्ने अधिकार पनि दिएको छ ।*

*तर, हाम्रो अनुभवले के देखिएको छ भने स्थानीय र प्रदेश सरकारहरूमा प्रशासनिक तथा मानवस्रोत वितरण हुन नसक्दा पनि समस्या चुलिएको हो । करिब एक-तिहाई स्थानीय तहमा प्रमुख प्रशासनिक अधिकृत नहुनु समस्याको जरो हो । त्यहाँ किन जनशक्ति पदपूर्ति हुन सकेन भन्ने विषय गम्भीर छ, संघीय सरकारले यसबारे जवाफदेही हुनेपर्ने देखिएको छ ।*

*यसर्थ, संघीयता लागू गरेपछि नेपालमा प्रशासनिक चुनौतिहरू स्पष्टरूपमा देखिएका छन्, विशेषतः मानवस्रोत परिचालन गर्ने, कानूनी आधार बनाउने, वित्तीय स्वायत्तता दिने जस्ता काममा संघीय सरकार गम्भीरताका साथ अघि लाग्नुपर्छ । संघीयत कार्यान्वयन भइसकेपछि सोही अनुसार अघि नबढी पुरानो धङधडीलाई च्यापेर केन्द्रीकृत मानसिकताले ग्रसित हुँदै दबाब, प्रभाव र षड्यन्त्र गर्ने काम कसैबाट पनि हुनुहुँदैन ।*

*अभ्यासले खारिँदै जाने राजनीतिक अधिकार उपयोग गर्नतर्फ भने राजनीतिक नेतृत्व नै चनाखो हुनुपर्छ । जब, संविधानले, कानूनले स्थानीय तह चल्न चाहिने सबै आधार दिएको छ भने संघको राजनीतिको छायालाई पछ्याएर आफ्नो गाउँठाउँको विकास गर्नबाट स्थानीय पालिकाहरू चुक्नुहुँदैन । माकुराले आफ्नो जालो बनाउँछ र सोही जालोमा अल्झिएर सकिन्छ भनेजस्तै हाम्रा पालिकाहरूले आफूले नै समस्या सिर्जना गर्ने र त्यसमा अल्झिने होइन, समस्या समाधानमा अग्रसर हुने हो । बरु, सबै मिलेर समस्या समाधानका लागि दबाब दिने हो, संघको छायामा पिल्सिएर विकासलाई बाधा बनाउने होइन ।*

# दोहोरो नागरिकताको अफ्रिकी मोडेल

news 24 दैनिक



सुरेन्द्र श्रेष्ठ



**सन् १९९० दशकपछि विश्वव्यापीकरण, रोजगारीका अवसर, अन्तरदेशीय विवाह र आप्रवासनका कारणले धेरै मुलुकले आधिकारिक रूपमा दुई नागरिकताको प्रावधानलाई स्वीकार गरे । जसकारण आज विश्वका करिब आधाभन्दा बढी देशमा कुनै न कुनै रूपमा दुई नागरिकताको प्रावधानले मान्यता पाएको छ ।**

**हिजो देशले आफ्नो वर्चश्व र स्वार्थ कायम राख्न नागरिकता सम्बन्धी कठोर प्रावधान राख्ने गरेको थियो भने आज देशलाई प्रगतिको पथमा लम्काउँदै समतामूलक लोकतान्त्रिक समाज बनाउन तिनै प्रावधानलाई उदार बनाउनुपर्ने बेला आएको छ ।**

प्रविधिको विकासले मानिसलाई दुई देश बीचका सिमानाको अर्थ नरहेको भान गराइरहेको छ । भूमण्डलीकरणले समाज मिश्रित हुँदै गएपछि दुई देशको नागरिकताका विषय पनि बल्झँदै गएको छ । बेलायतल सन् १९४७ बाट थालेको बहुल नागरिकता अपनाउने दूरदृष्टि अमेरिकाले १९५७ मा पछ्यायो तर त्यसलाई प्राप्त गर्न झन्डै दश वर्ष कुर्नुपर्‍यो । त्यसपछिका वर्षमा भने यो क्रम बढ्दै गएको देखिन्छ र दुई देशको नागरिकता सम्बन्धी कानून लचिलो बन्ने प्रक्रिया विकसित हुन थालेको पाइन्छ । यसका प्रावधान र पक्षहरू देशअनुसार फरक-फरक भए पनि विश्वव्यापी रूपमा यसका केही समानताहरू पाइन्छन् ।

१९ औं शताब्दीमा अधिकांश मुलुकले 'एक व्यक्ति एक नागरिकता' को नीति अपनाएका थिए, जसअनुसार अर्को देशको नागरिकता लिँदा पुरानो नागरिकता गुम्थ्यो । तर, १९ औं शताब्दीको अन्त्यतिर फ्रान्स, इटाली, स्विट्जरल्याण्ड जस्ता केही देशहरूले विवाह, बसाइँसराइ वा राजनीतिक कारणले पुरानो नागरिकता पनि कायम रहने अनुमति दिन थाले । पहिलो विश्वयुद्धपछि ठूलो मात्रामा बसाइँसराइ भएपछि पुरानो नागरिकता गुमाउने नियम व्यावहारिक नभएको देखियो र केही मुलुकले यो नीति परिवर्तन गर्न थाले । दोस्रो विश्वयुद्धपछि आप्रवासन र आप्रवासीहरूको योगदानका कारण धेरै मुलुकले आफ्नो नागरिकता नीति पुनर्विचार गर्न थाले । विशेष गरी ल्याटिन अमेरिकी देशहरूले दुई नागरिकतालाई मान्यता दिन थालेका हुन् । सन् १९६० देखि १९८० दशकसम्म अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि र अदालतका महत्वपूर्ण फैसला, खासगरी अमेरिकामा सन् १९६७ मा भएको एक अदालती फैसलाले सरकारले कानून बनाएर नागरिकको नागरिकता सजिलै खोस्न नसकिने आधार बनायो ।

सन् १९९० दशकपछि विश्वव्यापीकरण, रोजगारीका अवसर, अन्तरदेशीय विवाह र आप्रवासनका कारणले धेरै मुलुकले आधिकारिक रूपमा दुई नागरिकताको प्रावधानलाई स्वीकार गरे । जसकारण आज विश्वका करिब आधाभन्दा बढी देशमा कुनै न कुनै रूपमा दुई नागरिकताको प्रावधानले मान्यता पाएको छ ।

दोस्रो देशको नागरिकता लिने नागरिकसँग सम्बन्ध कायम राख्न भारतले ओसिआईको प्रावधान ल्याएको छ भने अन्य देशले अन्य विधि अपनाउँदै ल्याएका छन् । यस मामिलामा चीन पनि पछिल्लो दिनमा लचिलो बन्दै गएको छ । तर यस मामिलामा दक्षिण अफ्रिकाको सर्वोच्च अदालतले हालै गरेको फैसलालाई अग्रगामी मानिएको छ, सो फैसलाले अमेरिकाको एफ्रोइमको नजिर उदृत गर्दै दोहोरो नागरिकताको प्रावधनलाई निरन्तरता दिने निर्णय गरेको छ ।

दश वर्षअघि कार्यान्वयन भएको संघीयता कायम गर्ने 'नेपालको संविधान २०७२' ले दोहोरो नागरिकताका सम्बन्धमा केही परिकल्पना गरे पनि धारा १४ अवलम्बन गर्ने ऐन अझै बन्न नसक्दा सो परिकल्पना अझै साकार हुने आधार बनेको छैन । यसले नेपालको समृद्धिको सपना साकार गर्न राज्यले नै ढिलाइ गरिहहेको भान भइरहेको छ । नेपालको कानूनले अझै पनि नेपालबाहेकको देशको नागरिकता लिएकालाई सन्देशको दृष्टिले हेरिरहेको देखिन्छ । जसले गर्दा संविधानप्रदत्त अधिकार तथा हकहरू पनि उपयोग गर्न पाइरहेका छैनन् ।

दक्षिण अफ्रिकाले १९९५ मा पारित गरेको नागरिकता ऐनको दफा ६९१० (क) र नेपालको नागरिकता ऐनको दफा १० (१) को प्रावधान उस्तै उस्तै थियो । उक्त दफाअनुसार कुनै पनि दक्षिण अफ्रिकी नागरिकले अर्को देशको नागरिकता लिँदा गृह मन्त्रालयबाट पूर्वस्वीकृति नलिएमा उनको मूल नागरिकता स्वतः खारेज हुने व्यवस्था थियो । यो प्रावधानले हजारौं आप्रवासी, श्रमिक, विद्यार्थी र तिनका परिवारलाई बिनाजानकारी नागरिकता गुमाउन बाध्य बनाएको थियो । ती मध्ये धेरैले नागरिकता हराएको निवेदन दिँदा; पासपोर्ट नवीकरण गर्दा वा सन्तानको नागरिकता निवेदन गर्नेबेला मात्र सोको जानकारी पाएका थिए । सन् २०२१ मा प्रमुख विपक्षी दल डमोक्रेटिक एलायन्सले नागरिकता सम्बन्धी नयाँ प्रावधानले संविधानको धारा २० उल्लंघन भएको दाबी गर्दै अदालतमा मुद्दा दायर गर्‍यो । उक्त धाराले नागरिकको नागरिकता सम्बन्धी अधिकार मनोमानी ढंगले खोस्न नपाइने व्यवस्था गरेको छ । सन् २०२३ मा दक्षिण अफ्रिकाको सर्वोच्च अदालतले निवेदकको पक्षमा फैसला गरेपछि गृह मन्त्रालयले त्यो निर्णयविरुद्ध संवैधानिक अदालतमा अपिल गर्‍यो । अन्ततः सन् २०२५ मे ६ मा संवैधानिक अदालतले धारा ६९१० (क) लाई पूर्ण रूपमा असंवैधानिक घोषित गर्‍यो र सन् १९९५ अक्टोबर ६ देखि लागू हुनेगरी त्यसको पश्चगामी प्रभाव (पश्चगामी प्रभाव) को आदेश दियो ।

नागरिकताको अधिकार व्यक्तिको मौलिक अधिकार भएको हुनाले कुनै औपचारिक अनुमति नलिएको कारणले नागरिकता स्वतः खारेज हुनु संवैधानिक रूपमा स्वीकार्य हुँदैन भन्ने अदालतले व्याख्या गर्‍यो । जसले, त्यस्तो स्वचालित प्रक्रिया जहाँ 'न्यायिक सुनुवाइको अवसर' बिना नागरिकता खोसिँदा त्यसको परिणति कठोर दण्डका रूपमा क्रियान्वित हुने भएकाले राज्यले नागरिकताको रक्षा गर्न वैकल्पिक उपाय अवलम्बन गर्नुपर्ने देखिएको थियो । उदाहरणका लागि, दोहोरो नागरिकता लिने व्यक्तिहरूलाई सुरक्षा-संवेदनशील पदमा प्रतिबन्ध लगाउने वा अन्य कुनै नियमनको दायरामा ल्याउने व्यवस्थाले सन्तुलन कायम गर्न सक्ने देखिन्छ ।

संविधानप्रदत्त नागरिकताको हक राज्यले मनोमानी रूपमा खोस्न पाइँदैन भन्ने सर्वस्वीकार्य तथ्य हो । राज्यले नागरिकता जोगाउन अन्य वैकल्पिक उपायहरू पनि अवलम्बन गर्न सक्छ । अर्को देशको नागरिकता लिँदाको अवस्थामा मूल देशको नागरिकता स्वतः खारेज हुनु र सोको जानकारीसम्म व्यक्तिले नपाउनु स्वीकार्य हुन सक्तैन । आज हजारौं दक्षिण अफ्रिकीहरू अनेकौं कारणले मानिसहरू अन्तर्राष्ट्रिय आप्रवासनमा रहेका छन् । उनीहरू यथार्थमा विदेशमा रहेर रोजगारी, अध्ययन, अध्यापन र व्यवसायलाई अघि बढाइरहेका छन् । उनीहरूलाई आफ्नो मूल देशसँगको सम्बन्ध तोड्न बाध्य पार्नु कुनै पनि दृष्टिले उपयुक्त थिएन भन्ने अदालतको ठहर रह्यो । यो फैसलाको महत्त्वपूर्ण पक्ष यसको 'पश्चगामी प्रभाव' हो । यसले सन् १९९५ पछि उक्त धाराको मारमा नागरिकता गुमाएका सबैलाई कानूनीरूपमा नागरिक रहेको अवस्थामा पुनःस्थापित गरेको छ । अब त्यहाँको गृह मन्त्रालयले हजारौं प्रभावित नागरिकहरूको विवरण संकलन गर्दै अनलाइन आवेदन प्रणाली सुरू गर्ने तयारी गरिरहेको छ । आवेदकले नागरिकता पुनःस्थापना प्रमाणपत्र पाउनेछन् । यो प्रावधान खारेज भए पनि नक्कली कागजातका आधारमा लिइएको नागरिकताले भने मान्यता नपाउने व्यवस्था यथावत रहनेछ ।

यस फैसलालाई आप्रवासी समुदाय, कानून विज्ञ र मानव अधिकारकर्मीहरू सबैले स्वागत गरेका छन् । धेरै दक्षिण अफ्रिकीहरूले अब विदेशमा जन्मिएका सन्तानलाई सहजै नागरिकता दिनसक्ने भएका छन् । तर, केही राजनीतिक समूह भने दोहोरो नागरिकताले कर, सैन्य सेवा वा संवेदनशील पदमा निष्ठाको समस्या आउनसक्ने भन्दै त्यसप्रति सचेत रहन आग्रह गरेका छन् । धेरै देशले दोहोरो नागरिकताले राष्ट्रहितमा असर नपुगोस् भनेर विशेष कानूनी प्रावधान अपनाएका छन् । दक्षिण अफ्रिकाले पनि भविष्यमा यस्ता प्रावधान थप्नुपर्ने हुन सक्छ ।

दक्षिण अफ्रिकाको यो मुद्दाको सुरुवात भने एक व्यक्तिको नागरिकता खोसिएपछि शुरु भएको थियो । केप टाउनमा जन्मिएका फिलिप्स जेम्स प्लेट्जेस सन् २००२ नोभेम्बरमा चार्टर्ड एकाउन्टेन्टका रूपमा योग्य भएपछि कामका लागि दक्षिण कोरिया गए । उनले सन् २००३, मार्चमा एक अंग्रेजी शिक्षकका रूपमा दक्षिण कोरियामा काम सुरु गरे । प्लेट्जेसका अनुसार उनी कामका खोजीमा मात्र त्यहाँ पुगेका थिए । दक्षिण कोरियामा उनको भेट ब्रिटिश नागरिक क्यारेन क्राउचसँग भयो । सम्बन्ध सम्पर्क बढ्दै जाँदा सन् २००४, फेब्रुअरी २७ मा उनीहरूको विवाह भयो । केही समयपछि उनीहरू दुवै बेलायत फर्केर त्यहीं काम गरेर बस्न थाले । प्लेट्जेसले सन् २००७, नोभेम्बर १९ मा संयुक्त अधिराज्यको नागरिकता प्राप्त गरे र अर्को महिना ब्रिटिश पासपोर्ट पनि प्राप्त गरे । उनले बेलायतको नागरिकता प्राप्त गर्दा दक्षिण अफ्रिकाको नागरिकता त्याग गरेको प्रमाण बुझाउन पर्ने प्रावधान थिएन । काम र बसोबासको लागि सहजताका लागि उनले नागरिकता लिएका थिए । उनले आफ्नो पुरानो पासपोर्ट सन् २००५ जुलाईमा नवीकरण गरिसकेका थिए । सन् २००७ देखि २०१४ का बीच प्लेट्जेस आफ्नो दक्षिण अफ्रिकी पासपोर्टको साथ दक्षिण अफ्रिका पटक-पटक आउनेजाने गरेका थिए । उनलाई इमिग्रेशनमा कहिल्यै पनि अर्को देशको नागरिकता छ कि छैन सोधिएन । उनले ब्रिटिश नागरिकता मात्र भएका आफ्नो पत्नी र दुई छोरीहरूका साथ यात्रा गर्दा पनि यस्तो प्रश्न सोधिएको थिएन । सात वर्षपछि उनले जब एक अनलाइन लेखमा यदि कुनै दक्षिण अफ्रिकी नागरिकले स्वेच्छाले कुनै देशको नागरिकता लिन्छ भने पुरानो नागरिकता स्वतः खारेज हुन्छ भन्ने जानकारी पाए तब उनी नमाज्जाले झस्किए ।

सन् २०१५ मा उनले आफ्नो दक्षिण अफ्रिकी पासपोर्टको म्याद समाप्त भएको कारण लन्डनस्थित दक्षिण अफ्रिकी दूतावासमा गएर आफ्नो पासपोर्ट नवीकरणको आवेदन दिए । केही दिनमा उनले आफ्नो पासपोर्ट त पाए तर त्यसको एक कुना काटिएको थियो र '/२' अंकित गरिएको थियो । प्लेट्जेसले सो दिनलाई आफ्नो जीवनको सबैभन्दा दुःखी दिनका रूपमा लिए । उनी आफू जन्मिएको देशको नागरिकता कायम नै राख्न चाहन्थे । तर उनकै देशले उनलाई नागरिक मानिरहेको थिएन ।

उनले यस विषयलाई त्यहाँको मुख्य राजनीतिक दल मध्येको एक डेमोक्र्याटिक एलायन्स समक्ष पुऱ्यायो । धेरै दक्षिण अफ्रिकी नागरिकहरूले यस प्रकारको समस्या झेलिरहेका कारण उनीहरूको अधिकार रक्षाका लागि उक्त पार्टीले यसलाई अदालतसम्म पुऱ्यायो । उनीहरूको मुख्य जिकिर थियो, संविधानको धारा २० को अधिकारसँग यसरी नागरिकलाई पूर्वसूचना नदिई, कुनै उचित कारणबिना स्वतः नागरिकताको अधिकार खोसिने कानून बाझिएकाले सो प्रावधान खारेज गरिनुपर्छ । प्रतिवादीहरूले सो निवेदनको विपक्षमा तर्क राख्दै यो प्रावधान असंवैधानिक नभएको बरु यसलाई गलत बुझिएको बताए । अफ्रिकी उच्च अदालतले डेमोक्रेटिक एलायन्सको आवेदनलाई खारेज गरिदियो । फैसला गर्ने क्रममा अदालतले नागरिकले स्वेच्छाले अर्को देशको नागरिकता लिन्छ भने आफ्नो पुरानो नागरिकता लोप हुने कानूनी व्यवस्था भएकाले यसलाई अन्यथा भन्न मिल्दैन भन्ने फैसला गर्‍यो । अफ्रिकी उच्च अदालतको फैसलामा असन्तुष्टि जनाउँदै डेमोक्रेटिक एलायन्सले अफ्रिकी संवैधानिक अदालतमा रिट दायर गर्‍यो । सो मुद्दाको बहसपछि तीन महिनाअघि सम्पूर्ण न्यायाधीशहरूको एक मतले दोहरो नागरिकतालाई सन् १९९५ देखि नै लागू भएको फैसला गर्‍यो ।

सो फैसलाले अन्तर्राष्ट्रिय कानूनको क्षेत्रमा नयाँ ढोका खोलेको छ । हिजोका मान्यताहरू आजको युगमा असान्दर्भिक हुने हुँदा कानूनहरू समय अनुसार परिमार्जन हुनुपर्ने देखिन्छ । हिजो देशले आफ्नो वर्चश्व र स्वार्थ कायम राख्न नागरिकता सम्बन्धी कठोर प्रावधान राख्ने गरेको थियो भने आज देशलाई प्रगतिको पथमा लम्काउँदै समतामूलक लोकतान्त्रिक समाज बनाउन तिनै प्रावधानलाई उदार बनाउनुपर्ने बेला आएको छ । दक्षिण अफ्रिकी अदालतको फैसलाले नेपालको नागरिकता कानूनलाई पनि मार्गप्रशस्त गर्ने आशा गर्न सकिन्छ ।

## जेन कथा

# मौनताको मन्दिर



निर्वाण पाइसकेका सोइची जेन गुरु आफ्ना शिष्यहरूलाई तोफुकुस्थित एउटा मन्दिरमा पढाउने गर्दथे । दिन होस् कि रात परोस्, मन्दिर परिसर सुनसान, शान्त र मौनताको बास हुन्थ्यो । कतैबाट पनि कुनै किसिमको मानवीय आवाज आउँदैनथ्यो ।

सोइचीले मन्त्रहरूको जप र ग्रन्थ अध्ययन पनि बन्द गराइदिएका थिए । उनका शिष्यहरू मौन साधनामात्र गर्ने गर्थे ।

सोइचीको निधन भएपछि छिमेकमा बस्ने एकजना महिलाले मन्दिरका घण्टी बजेको र मन्त्रपाठ भइरहेको पनि सुनिन् । महिलाले बुझिन्, सोइची गुरुको देहान्त भइसकेछ ।

***अच्युत कोइराला***

**लेख तथा टिप्पणीका लागिः**
desk.news24daily@gmail.com

## पाठक-मञ्च

# कानुन अध्ययनमा अघि महिला



कानून विषयमा महिलाको आकर्षण हरेक वर्ष वृद्धि हुँदै गएको खबरले नेपाली समाजका लागि एउटा सकारात्मक संकेत हो । विगत एक दशकमा नेपालमा तीन हजार एक सयभन्दा बढी महिलाले अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेका छन् । सोही अवधिमा पुरुषहरूको संख्या चार हजार एक सय पुगेको देखिन्छ । यसले के देखाउँछ भने कानून शिक्षा र पेशामा महिलाहरूको सहभागिता निरन्तर बढ्दो छ । नेपाल ल क्याम्पस, नेसनल ल क्याम्पस, पृथ्वीनारायण क्याम्पसजस्ता प्रतिष्ठित शैक्षिक संस्थानहरूमा पनि कानून पढ्ने विद्यार्थीमध्ये करिब आधा जति महिला रहेका छन् भने कतिपय क्याम्पसमा त महिलाको संख्या पुरुषभन्दा पनि बढी छ ।

यसले के पुष्टि गरेको छ भने कानून पढेका महिलाहरू स्नातकपछि विभिन्न क्षेत्रमा सक्रिय हुने दिशामा उन्मुख छन् । न्याय सेवा, मानवअधिकार, शिक्षण, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय संस्थाहरू, वित्तीय र प्रशासनिक क्षेत्रमा महिलाहरूको उनीहरूको सहभागिता राम्रो छ । सरकारी क्षेत्रमा पनि कानून पढेका महिलाहरूको योगदान सकारात्मक देखिन्छ । ३२ औं अधिवक्ता तहको परीक्षामा सर्वोत्कृष्ट र उत्कृष्ट सात त महिला नै भएका थिए ।

यसले महिलाहरूको क्षमता र लगनशीलता प्रमाणित गर्दछ । तर, यी सबै सकारात्मक पक्षहरूका बाबजुद पनि महिलाहरूको कानूनी पेशामा प्रवेश र त्यसपछि त्यस पेशामा टिकिरहनुमा केही चुनौतीहरू अझै कायम छन् । अधिवक्ता लाइसेन्स लिनेको संख्या त बढेको छ, तर व्यवहारिक रूपमा वकालत अभ्यासमा महिलाहरूको संलग्नता पुरुषहरूको तुलनामा निकै कम देखिन्छ ।

यसको मुख्य कारण सामाजिक पूर्वाग्रह र लैङ्गिक भेदभाव नै हो । नेपालको सामाजिक संरचना अझै पनि पुरूषप्रधान भएकाले महिलालाई पेशागत रूपमा पुरा सम्मान र समान अवसर नदिने प्रवृत्ति छ । त्यस्तै, महिलालाई अझै पनि पारिवारिक जिम्मेवारीको मार छ । बालबालिका, घरको हेरचाह र अन्य सामाजिक काममा व्यस्तताले पेशागत क्षेत्रमा अभि बढ्न कठिनाइ छ । विशेषतः वकालत अभ्यासमा महिला अधिवक्ताहरूलाई सुरक्षाको समस्या पनि छ । त्यसलाई सम्बोधन गर्न सामाजिक चेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसको लागि लैंगिक समानता र महिला अधिकारको पक्षमा व्यापक जनचेतना अभियान सञ्चालन गर्न आवश्यक छ । महिला अधिवक्ताहरूलाई नेतृत्व र व्यावसायिक विकासका लागि तालिम र अवसर उपलब्ध गराउनुपर्छ ।

***सम्झना चापागाई, मकवानपुर ।***

# जोगाऔं चौतारो

चौतारी नेपाली जनजीवनको चिरपरिचित सांस्कृतिक विम्ब हो । जसलाई वरपीपलजस्ता छाहारीमुनि ढुंगा वा इँटले बनेको अग्ला पेटीमा बस्ने ठाउँका रूपमा परिभाषित गरिन्छ । यसलाई चौतारो, चौतारा वा चौपारी समेत भनिन्छ । चौतारीले सामाजिक, सांस्कृतिक र ऐतिहासिक रूपमा नेपाली समाजमा बहुआयामिक भूमिका खेलेको छ । राजा राम शाहले पनि न्याय-निसाफ गर्ने चौतारीमा बसेर शासन गरेका थिए । गाउँघरमा बटुवा, भरिया, चौतारी किसानहरू विश्राम लिने, गीत गाउने, मनको बह पोख्ने सार्वजनिक थलो हो ।

तर, पछिल्लो समय विकासका नाममा मोटरबाटो विस्तार, विद्युत् तार तान्ने र डोजर चलाउने कार्यहरूले पुराना चौतारीहरू नष्ट हुन थालेका छन् । यसले हाम्रो सांस्कृतिक र सामाजिक सहकार्यलाई कमजोर बनाएको छ । चौतारीहरू ओझेलमा परेपछि गाउँघरमा सार्वजनिक वृत्त सिमित हुँदै गए पनि केही ठाउँमा चौतारी संरक्षण अभियन पनि चलाइँदैछ । यस सन्दर्भमा गण्डकी प्रदेशले 'वर, पीपल, समी र चौतारो संरक्षण ऐन, २०७५' जारी गरेको छ । ऐनले चौतारी संरक्षण, समितिको गठन र उद्यान विकासको पनि व्यवस्था गरेको छ । जुन स्थानीय तहले गर्ने सक्ने एक उदाहरणीय काम भएको छ । यसै सन्दर्भमा तनहुँको व्यास नगरपालिका चौतारोको संरक्षण अभियानमा जुटेको समाचार हाम्रा माझ आएको छ ।

***दिनेस शर्मा, बेलबारी ।***

# जन्मदर घटेपछि दक्षिण कोरियामा सैनिक अभाव



**एजेन्सी, साउन २६**

दक्षिण कोरियामा तीव्ररूपमा घट्दो जन्मदरको प्रत्यक्ष असर अहिले राष्ट्रको सुरक्षासम्बन्धी संरचनामा पर्न थालेको छ। देशको रक्षा मन्त्रालय र सत्तारूढ डेमोक्रेटिक पार्टीद्वारा सार्वजनिक गरिएको पछिल्लो प्रतिवेदनअनुसार, हाल दक्षिण कोरियाको सैन्यबल घटेर ४ लाख ५० हजार मा सीमित भएको छ। यो पछिल्लो छ वर्षमा २० प्रतिशतभन्दा कम हो।

आइतबार सार्वजनिक गरिएको प्रतिवेदनमा सैन्य सेवामा भर्ना हुने उमेर समूहका युवाहरूको संख्यामा आएको कमीले सैनिकहरूको अभाव झन् गम्भीर हुँदै गएको उल्लेख छ। सन् २००० को दशकको सुरुवातमा करिब ६ लाख ९० हजार सैनिक रहेको दक्षिण कोरियाको सेना पाँच लाखभन्दा कममा झरेको हो।

**विभागीय संरचना संकुचित**

सैनिक संख्याको घटेसँगै सन् २००६ मा रहेको ५९ वटा डिभिजनको संख्या घटेर अहिले ४२ मा सीमित भएको छ। थुप्रै युनिटहरू या त बन्द गरिएका छन् या त अन्य युनिटहरूमा गाभिएको छ। यसले सेनाको सञ्चालन र रणनीतिक पूर्वतयारीमा चुनौती थपेको बताइएको छ।

दक्षिण कोरियाको हालको प्रजनन दर प्रति महिला ०.७५ मात्र रहेको छ। यो विश्वकै सबैभन्दा न्यून हो। सरकारी तथ्याङ्कअनुसार २०१९ देखि २०२५ को बीचमा २० वर्ष उमेरका पुरुषहरूको संख्या ३० प्रतिशतले घटेको छ।

**अनिवार्य सैन्य सेवा कायमै**

हाल दक्षिण कोरियामा अनिवार्य सैन्य सेवा प्रणाली अझै कायम छ। सबै योग्य पुरुषहरूले करिब १८ महिनासम्म सैन्य सेवा गर्नुपर्ने व्यवस्था छ। १९५३ को कोरियाली युद्धपछि सेना सेवाको अवधि ३६ महिना थियो। पछिल्ला वर्षहरूमा भने यो अवधिलाई छोट्याइएको छ।

सेनाले छोटो सेवा अवधिलाई रक्षा उद्योगको विकास, सुधारिएको सैन्य क्षमता र अमेरिकासँगको रणनीतिक सैन्य गठबन्धनको उपलब्धिको रूपमा हेरेको छ। दक्षिण कोरिया पछिल्लो समय हतियार निर्यातमा अग्रणी मुलुक बन्न पुगेको छ।

दक्षिण कोरिया अझै पनि प्राविधिक रूपमा परमाणु-हतियारयुक्त छिमेकी उत्तर कोरियासँग युद्धको स्थितिमा छ। सन् २०२५ को जुलाईमा दक्षिण कोरियाली अनुसन्धानकर्ताहरूले प्रकाशित गरेको अध्ययन अनुसार, उत्तर कोरियाको सम्भावित आक्रमणबाट जोगिन कम्तीमा ५ लाख सक्रिय सैनिक आवश्यक पर्छ। हाल देशमा १ लाख ३० हजार मात्र सक्रिय सैनिक छन्, बाँकी संख्या अनिवार्य सेवा गरिरहेका जवानले पूर्ति गरिरहेका छन्।

उत्तर कोरियासँगको सन्तुलन कायम राख्न दक्षिण कोरियाको रक्षा बजेट सन् २०२५ मा ६१ ट्रिलियन वन (४३.९ अर्ब अमेरिकी डलर) पुग्ने अनुमान गरिएको छ। यो उत्तर कोरियाको अनुमानित समग्र अर्थतन्त्रभन्दा ठूलो हो तर हालै सेनामा ५० हजार सैनिकको कमी रहेका कारण अधिकृत स्तरमा मात्रै २१ हजारको अभाव छ।

**बुढ्यौली समाज र भावी रणनीतिक संकट**

दक्षिण कोरिया हाल विश्वको सबैभन्दा छिटो बुढ्यौली हुँदै गएको समाज हो। घट्दो जनसंख्या र जन्मदरले भविष्यमा पनि सैन्य सेवा, आर्थिक श्रमशक्ति र समग्र विकासमा गहिरो असर पार्ने संकेत देखिएको छ।

सरकारले लामो समयदेखि जन्मदर वृद्धि र युवाहरूको सैन्य सेवा अनुकूल बनाउने प्रयास गरिरहेको भए पनि तत्काल समाधान नखोजिए राष्ट्रिय सुरक्षामै दीर्घकालीन असर पर्ने खतरा छ।

# गाजामा अल जजीराका पाँच पत्रकारको हत्या, अन्तर्राष्ट्रिय समुदाय स्तब्ध






**एजेन्सी, साउन २६**

गाजा शहरमा इजरायली सेनाद्वारा गरिएको हवाई आक्रमणमा अल जजीरा टेलिभिजनका पाँच जना पत्रकारहरूको ज्यान गएको छ। घटनाको पुष्टिपछि अन्तर्राष्ट्रियस्तरमा यसको आलोचना भएको छ।

घटनामा मारिएका पत्रकारहरूमा चर्चित संवाददाता अनस अल-शरीफ, रिपोर्टर मोहम्मद क्रेकेह, क्यामेराम्यानहरू इब्राहिम जहर र मोआमेन अलिवा र सहायक मोहम्मद नौफाल रहेका छन्। उनीहरू सबै गाजा शहरस्थित अल-शिफा अस्पतालको छेउमा रहेको अस्थायी शिविरमा सुस्ताइरहेका बेला आक्रमण भएको थियो।

अल जजीराले आफ्ना निर्दोष कर्मचारीहरूलाई लक्षित गरिएको यस आक्रमणलाई 'पूर्वनियोजित हत्या' र 'प्रेस स्वतन्त्रतामाथिको खुला हमला' भन्दै कडा शब्दमा निन्दा गरेको छ। संस्थाले घटनालाई गाजामा भइरहेको इजरायली आक्रमण उजागर गर्ने स्वतन्त्र आवाज दबाउने षड्यन्त्रका रूपमा लिएको छ। कतारस्थित मिडिया संस्थाले मृत पत्रकारहरू शान्ति र सत्यका पक्षमा निडरतापूर्वक रिपोर्टिङ गरिरहेका बेला उनीहरूको हत्या गरिएको भन्दै इजरायली सेनाको कदमलाई 'युद्ध अपराध'को संज्ञा दिएको छ।

इजरायली सेनाले भने मृत पत्रकार अनस अल-शरीफलाई हमास आतंकवादी संगठनसँग आबद्ध रहेको आरोप लगाएको छ। सो आक्रमणलाई उसले 'न्यायोचित सैन्य कारबाही' बताएको छ। सेनाले उनलाई हमासको आतंककारी सेलको प्रमुख बताएको छ भने गाजाबाट इजरायलमाथि हुने हमलाहरूको योजना निर्माणमा संलग्न रहेको आरोप लगाएको छ। तर, अल जजीराले यस्ता सबै आरोप आधारहीन दाबी गर्दै बिना प्रमाणको 'दुष्प्रचार अभियान' चलाइएको बताएको छ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) र रिपोर्टर्स विदाउट बोर्डर्सले घटनाप्रति आक्रोश व्यक्त गर्दै यसको स्वतन्त्र छानबिनको माग गरेका छन्। सीपीजेका अनुसार, अक्टोबर ७ २०२३ देखि इजरायली आक्रमण सुरू भएपछि हालसम्म २७० पत्रकार अर्थात् हरेक महिना लगभग १३ पत्रकार र मिडियाकर्मी मारिएका छन्। विगत तीन दशकयताकै यो सबैभन्दा उच्च संख्या हो।

यस घटनाले इजरायल र अल जजीराबीचको तनावपूर्ण सम्बन्धलाई फेरि सतहमा ल्याएको छ। इजरायली सरकारले पछिल्ला महिनामा देशभित्र अल जजीराको प्रसारणमाथि प्रतिबन्ध लगाएको छ। कतिपय कार्यालयहरूमा छापासमेत मारेको छ। अल जजीरालाई आर्थिक सहयोग गर्ने कतारलाई पनि इजरायली नेताहरूले हमासप्रति नरम भएको आरोप लगाउने गरेका छन्। विश्लेषकहरू भन्छन्, गाजामा स्वतन्त्र रिपोर्टिङ निषेध गरिएपछि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरू स्थानीय पत्रकारहरूमा निर्भर छन्। त्यही स्थानीय आवाज पनि अहिले जोखिममा परेको छ।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजा कब्जा गर्ने अभियानलाई तीव्रता दिने घोषणासँगै द्वन्द्व झन् बढ्ने देखिएको छ। उनले इजरायली कारबाहीलाई 'छिटो र निर्णायक' बनाइने भन्दै गाजा शहर पूर्णरूपमा नियन्त्रणमा लिने बताइसकेका छन्। यद्यपि, हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले हालै कुपोषणका कारण कम्तीमा पाँच व्यक्तिको मृत्यु भएको पुष्टि गरेको छ।

**अन्तर्राष्ट्रिय प्रतिक्रिया र प्यालेस्टिनी मान्यता**

यस घटनाक्रमसँगै संयुक्त राष्ट्र संघले आपतकालीन बैठक डाक्दै मध्यपूर्वमा चर्कँदो युद्ध अवस्थाबारे छलफल गरेको छ। सुरक्षा परिषद्को बैठकमा यूरोपका लागि सहायक महासचिव मिरोस्लाभ जेनोचाले गाजाको पीडा अन्त्य गर्ने एक मात्र उपाय तत्काल र स्थायी युद्धविराम भएको बताए। उनले इजरायललाई अन्तर्राष्ट्रिय मानवीय कानूनअनुसार सहायता सामग्री गाजामा निर्बाधरूपमा प्रवेश गराउने व्यवस्था मिलाउन आह्वान गरेका छन्।

इजरायली कब्जा योजनासँगै अन्तर्राष्ट्रिय निन्दा पनि तीव्र भएको छ। बेलायत, फ्रान्स, डेनमार्क, ग्रीस र स्लोभेनियाले संयुक्त विज्ञप्ति जारी गर्दै यस योजनाले अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन भएको बताएका छन्। यसैबीच, अष्ट्रेलियाले आगामी सेप्टेम्बरमा संयुक्त राष्ट्र महासभामा प्यालेस्टिनी राज्यलाई मान्यता दिने घोषणा गरेको छ। यसअघि, बेलायत, क्यानडा, फ्रान्स र अन्य मुलुकहरूले समेत यस्तै निर्णय लिइसकेका छन्।

**आम हडतालको आह्वान**

यसैबीच, गाजामा इजरायली बन्धकहरूको परिवार र युद्धपीडित नागरिकहरूले १७ अगस्टदेखि आमहडतालको घोषणा गरेका छन्। उनीहरूले निजी क्षेत्र, श्रमिक युनियन र संघ-संस्थाहरूलाई एकसाथ हडतालमा सहभागी हुन आह्वान गरेका छन्। हडताललाई इजरायली विपक्षी नेता यायर लापिड र यायर गोलानले समर्थन जनाइसकेका छन्।

अल जजीराका प्रमुख सम्पादक मोहम्मद मुवादले बीबीसीसँगको अन्तर्वार्तामा भनेका छन्, "अनस अल-शरीफ गाजामा भइरहेको विनाशको दस्तावेज गर्ने बाँकी रहेका एकमात्र आवाज थिए। उनीहरूको हत्या केवल व्यक्तिको मृत्यु होइन, सत्यको मृत्यु हो।" उनका अनुसार इजरायली सेनाले शान्तिपूर्ण रिपोर्टिङ गरिरहेका मिडियाकर्मीहरूलाई निशाना बनाउनु युद्ध अपराधसँग तुलना योग्य घटना हो।

उता प्रधानमन्त्री नेतन्याहूले गाजामा कुनै भोकमरी नरहेको र सयौं ट्रक सहायता सामग्री प्रवेश गरिरहेको बताएका छन्। उता गाजाको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले भने कुपोषणका कारण पछिल्लो दुई दिनमा पाँचजनाको मृत्यु भएको जनाएको छ।

**गाजामा मानवीय संकट चरम सीमामा**

७ अक्टोबर २०२३ मा हमासद्वारा इजरायलमा भएको आक्रमणपछि सुरु भएको इजरायली कारबाहीमा हालसम्म गाजामा ६१ हजार चार सय ३० मानिसको मृत्यु भएको र १५ लाख तीन हजार दुई सय १३ जना घाइते भएको पुष्टि भएको छ। प्रारम्भिक आक्रमणमा इजरायलमा ११ सय ३९ जनाको मृत्यु भएको थियो र दुई सयभन्दा बढी इजरायलीलाई बन्धक बनाइएको थियो।

**पत्रकारहरूका लागि गाजा सबैभन्दा घातक क्षेत्र**

सिपिजेका अनुसार, अक्टोबर २०२३ देखि अहिलेसम्म गाजामा दुई सय ७० जना अर्थात् हरेक महिना लगभग १३ पत्रकार र मिडियाकर्मी मारिएका छन्। यो तथ्यांक सन् १९९२ यता कुनै पनि एक क्षेत्रमा पत्रकारहरूमाथि भएका आक्रमणहरूमध्ये सबैभन्दा घातक अवस्था हो।

बीबीसी, रोयटर्स, एपी र एएफपीजस्ता संस्थाहरूले गाजामा काम गरिरहेका आफ्ना स्थानीय पत्रकारहरूको सुरक्षा र जीवन संकटमा परेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन्। गाजामा स्वतन्त्र रिपोर्टिङ गर्न अन्तर्राष्ट्रिय पत्रकारहरूलाई प्रवेश नदिइएकाले अधिकांश कभरेज स्थानीय पत्रकारमार्फत भइरहेको छ- जसले उनीहरूलाई अझ बढी जोखिममा पारेको छ। युद्धले केवल बन्दुक बोकेकाहरूलाई होइन, कलम र क्यामेरा समातेकाहरूलाई पनि निशाना बनाइरहेको छ।

**गाजामा स्वतन्त्र रिपोर्टिङ गर्न अन्तर्राष्ट्रिय पत्रकारहरूलाई प्रवेश नदिइएकाले अधिकांश कभरेज स्थानीय पत्रकारमार्फत भइरहेको छ- जसले उनीहरूलाई अझ बढी जोखिममा पारेको छ। युद्धले केवल बन्दुक बोकेकाहरूलाई होइन, कलम र क्यामेरा समातेकाहरूलाई पनि निशाना बनाइरहेको छ।**

# 'तीन सय सांसदको आवाज दबाउन खोजियो'



**एजेन्सी, साउन २६**

भारतीय विपक्षी दलका प्रमुख नेता राहुल गान्धीले निर्वाचन आयोगमाथि गम्भीर आरोप लगाउँदै लोकतान्त्रिक प्रक्रियामा हस्तक्षेप गरिएको दाबी गरेका छन्। गान्धीले लोकसभा तथा राज्यसभाका ३०० भन्दा बढी सांसदले निर्वाचन आयोगसँग भेटेर प्रतिवेदन बुझाउन चाहेको तर आयोगले उनीहरूलाई भेट गर्न नदिएको बताएका छन्।

सोमबार नर्वाचन आयोगको कार्यालयतर्फको जुलुसमा सहभागी भएका कारण राहुल गान्धीसहित उनकी बहिनी प्रियंका गान्धी र शिव सेनाका नेता सञ्जय राउतलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। दिल्लीस्थित निर्वाचन आयोगको कार्यालयअगाडि प्रदर्शन गर्दै उनीहरूले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न माग गरेका थिए।

गान्धीले भने, 'भारतमा लोकतन्त्रको हालत हेर्नुस्, ३०० सांसद निर्वाचन आयोगमा गएर प्रतिवेदन बुझाउन चाहन्छन् तर आयोगले ती सांसदहरू आउन नसक्ने बताउँछ।'

उनको भनाइमा, सांसदहरूले प्रत्यक्ष रुपमा आयोगसमक्ष प्रस्तुत हुँदा धाँधलीको वास्तविकता उजागर हुने डरले उनीहरूलाई रोकिने प्रयास गरिएको हो। गान्धीले यस विषयलाई अब केवल राजनीतिक विषय नभई देशको आत्मासँग जोडिएको लडाइँ भएको बताएका छन्। उनले भने, 'यो संवैधानिक लडाइँ हो, एक व्यक्ति, एक भोट संविधानको आधार हो।'

कर्नाटकलगायतका राज्यमा एक व्यक्तिले विभिन्न स्थानबाट भोट हाल्न पाएको आरोप लगाउँदै उनले निर्वाचन प्रणालीमै गम्भीर त्रुटि रहेको जिकिर गरे। उनका अनुसार, 'हामीले कर्नाटकको वास्तविकता देखेका छौं, एक व्यक्ति एक भोट नभई एक व्यक्ति धेरै स्थानमा भोटको अवस्था छ।' गान्धीले युवापुस्ताले पनि यो विषयलाई गम्भीर रूपमा लिएको बताएका छन्।

विपक्षी सांसदहरूले लोकसभा निर्वाचन, महाराष्ट्र र हरियाणाका चुनावमा मतदाता नामावलीमा भारतीय जनता पार्टी (भाजपा) र निर्वाचन आयोगबीच मिलेमतो भएको आरोप लगाएका छन्।

# मलेसियामा रोजगारीको दरमा सुधार

**साउन २६** – मलेसियाको बेरोजगारी दर सन् २०२५ को दोस्रो त्रैमासिकमा तीन प्रतिशतमा झरेको छ, जुन अघिल्लो त्रैमासिकको तुलनामा ०.१ प्रतिशत अंकले कमी हो। मलेसियाको तथ्यांक विभागले सोमबार प्रकाशित गरेको विवरणअनुसार, यो परिवर्तन देशको श्रम बजारमा देखिएको सकारात्मक प्रगतिलाई संकेत गर्छ।

उक्त अवधिमा श्रम शक्तिको संख्या ०.८ प्रतिशतले वृद्धि भई एक करोड ७३ लाख ७० हजार पुगेको छ। साथै, श्रम शक्ति सहभागिता दर पनि ०.१ प्रतिशतले वृद्धि भई ७०.८ प्रतिशतमा पुगेको उल्लेख गरिएको छ।

त्यसैगरी, रोजगारी प्राप्त व्यक्तिहरूको संख्या ०.९ प्रतिशतले बढेर एक करोड ६८ लाख ५० हजार पुगेको छ भने बेरोजगार व्यक्तिको संख्या एक प्रतिशतले घटेर ५ लाख २० हजार ९ सय मा झरेको छ। रिपोर्टमा मलेसियाको श्रम बजार आगामी महिनाहरूमा स्थिर रहने अपेक्षा गरिएको छ।

यद्यपि, केही चुनौतीहरू पनि विद्यमान छन्।तर, सरकारले अगाडि सारेका डिजिटलीकरण, प्राविधिक तालिम र लगानी प्रोत्साहनसम्बन्धी नीतिहरूले मध्यमदेखि दीर्घकालीन अवधिमा श्रम बजारलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। *रासस*

# तलब तिर्नुपर्ने कार्यालयमा युवाहरूको भीड

**एजेन्सी, साउन २६**

'काम छैन, तलब छैन, उल्टै हाकिमलाई पैसा तिरेर अफिस जान्छु,' भनेर कसैले तपाईंलाई भन्यो भने तपाईंको प्रतिक्रिया के होला ?

सुन्दा कुनै कथा वा नाटकको संवाद जस्तो लागे पनि यो वर्तमान चीनियाँ युवाहरूको दैनिकी बन्न पुगेको छ। पछिल्लो समय चीनमा युवा बेरोजगारी दर तीव्ररूपमा बढ्दै जाँदा अवस्था गम्भीर बन्न पुगेको छ।

सरकारी तथ्यांकअनुसार चीनमा १४ प्रतिशतभन्दा बढी युवा बेरोजगार छन्। प्रत्येक वर्ष लाखौं नयाँ युवाहरू कामको खोजीमा बजारमा आउँछन्, तर स्थायी जागिर पाउनु उनीहरूको लागि चुनौती बन्न पुगेको छ। यस्तो अवस्थामा कतिपय युवाहरूले अनौठो तरिका अपनाएका छन् - उनीहरूले न त वास्तविक जागिर पाएका छन्, न त तलब पाउँछन्, तर आफैं पैसा तिरेर 'काम गरिरहेको' देखिन नक्कली अफिसमा जाने गरेका छन्।

यो कुनै रमाइलो कथा होइन, चीनका ठूला शहरहरू (शेन्जेन, सांघाई, नानजिङ, वुहान, छेङ्दु, कुनमिङ, डोंगुआन) मा यस्ता 'वास्तविक कामदारको नक्कली अफिस' खुलेका छन्। यहाँ काम गरिरहेको नाटक गर्ने मानिसहरूले दैनिक ३० देखि ५० युआन तिरेर कार्यालयजस्तो ठाउँमा जान्छन्। ती नक्कली कार्यालयमा कम्प्युटर, इन्टरनेट, मिटिङ रूम, चिया कक्ष सबै सुविधा हुन्छन्। त्यो कार्यालयमा कुनै काम गर्नु पर्दैन। त्यहाँ गएर युवाहरू जागिर खोज्छन्। केहीले आफ्नै स्टार्टअपको सोच अघि बढाउँछन्। केही युवा भने साथीहरूसँग रमाइलो गर्न र समय बिताउन त्यहाँ पुग्छन्। नक्कली कार्यालयले शुल्क तिरिसकेपछि यहाँ खाना, नास्ता र चिया पनि दिने गरेका छन्।

३० वर्षीया शुई झोउ पनि यस्तै एक युवती हुन्। उनको आफ्नै रेस्टुराँको व्यवसाय गत वर्ष असफल भएपछि उनी डोंगुआनको 'नक्कली कार्यालय'मा शुल्क तिरेर काम गर्न थालिन्। उनले दिनको ३० युआन तिर्छिन्। उनी भन्छिन्, 'मलाई साँच्चै काम गरिरहेको जस्तो लाग्छ। मेरा पाँच जना सहकर्मी छन्। हामी सँगै समूहमा काम गरिरहेका छौं जस्तो महसुस हुने गर्छ।'

शुई झोउजस्तै अन्य धेरै युवा पनि यसरी व्यस्त हुन थालेका छन्। उनीहरू बिहान ८ देखि ९ बजेसम्म अफिस पुग्छन् र कहिलेकाहीँ राति ११ बजेसम्म बस्ने गर्छन्। कतिपय साथीहरू काम गर्दा गम्भीर हुन्छन्, अरु फुर्सदमा रमाइलो, कुरा गर्ने, खेल्ने गर्छन्। उनीहरू सँगै खाना खाने पनि चलन छ। नक्कली कार्यालयमा काम गर्दै जाँदा सक्कली सम्बन्ध निर्माण भइरहेकामा कतिपय खुसी पनि देखिन्छन्।

२३ वर्षीया सियाओवेन ट्याङले पनि सांघाईमा यस्तै 'नक्कली अफिस' बाट एक महिना वर्कस्टेशन भाडामा लिएर बसेकी थिइन्। स्नातक अध्ययन गरेकी उनले अझै पूर्णकालीक जागिर नपाएका कारण उनी भाडाको कार्यालयमा जाने गरेकी हुन्। उनको विश्वविद्यालयले एक वर्षभित्र जागिर वा इन्टर्नशिप प्रमाणित गर्नुपर्ने नियमअनुसार हालै 'नक्कली अफिस'को प्रमाण फोटोसहित पेश गरिन्। यथार्थमा उनी त्यहाँ बसेर अनलाइन उपन्यास लेख्थिन्।



चीनमा यस्तो प्रवृत्ति सामाजिक दबाब र बेरोजगारीसँग जुध्ने एउटा उपाय हो। जर्मनीको म्याक्स प्लाङ्क इन्स्टिच्युटका डा. बियाओ सियाङ भन्छन्, 'काम गरिरहेको अभिनय युवापुस्ताको प्रतिरोध हो। आफूलाई सामाजिक असंवेदनशीलताबाट बचाउन खोज्नेका लागि यो उत्तम उपाय हो।'

नक्कली अफिसका सञ्चालक फेइ यू आफैँ पनि बेरोजगार हुन्। उनले भने, 'म केवल वर्कस्टेशन बेच्छु भन्ने होइन, म मानिसहरूलाई 'निरर्थक नभएको' आत्मसम्मान बेचिरहेको छु।' कोभिड महामारीमा उनको खुद्रा व्यवसाय बन्द भयो। यसबाट निराश भएका उनले यो सेवा सुरु गरे। रोचक त, एक महिनाभित्रै सबै सीट भरियो। अहिले नयाँ आवेदकले उनको नक्कली कार्यालयमा काम गर्न निवेदन दिएर पनि समय कुर्नुपर्ने अवस्था आएको छ।

फेइ यूका अनुसार, उनका ४० प्रतिशत ग्राहकहरू नयाँ स्नातक हुन्। उनीहरू इन्टर्नशिप गरेको प्रमाणका लागि यहाँ आउँछन्। यहमाँ आउने ६० प्रतिशत युवा भने फ्रीलान्सर तथा डिजिटल पुस्ताहरू हुन्। उनीहरूले यो ठाउँमा काम गरिरहेको नाटक गर्दा पनि सँगै बसेर सहयोग पाउँछन्, प्रेरणा पाउँछन्।

यसको दीर्घकालीन लाभ र नाफा सुनिश्चित गर्न सकिन्छ कि सकिदैन, त्यो प्रश्न अझै अनुत्तरित नै छ तर फेइ यूले भने यसलाई एउटा सामाजिक प्रयोगका रूपमा हेर्छन्। उनी भन्छन्, 'यो नाटक हो तर यसले मानिसहरूलाई आफ्नो असली सुरुवातको बाटो खोज्न मद्दत गर्नसक्छ। तर, यसैमा रमाउनु भने आफैंलाई धोका दिनु हो।'

यसैगरी, समूहमा आइपुगेकी शुई झोउ अहिले आफ्नो सीप सुधार्न एआई सिक्दै छिन्। उनले बीबीसीलाई भनिन्, 'धेरै कम्पनीले एआईमा दक्षता भएका युवा खोजिरहेका छन्। त्यसैले मैले यसमा ध्यान दिन थालेकी छु, ता कि पूर्णकालीन जागिर खोज्न सजिलो होस्।'

यसरी, चीनका युवाहरू अहिले बेरोजगारी र सामाजिक दबाबका बीच, काम गरिरहेको नाटक गरेर मात्र होइन, नयाँ सीप सिकेर, नयाँ योजना बनाएर आफ्नो भविष्य निर्माण पनि गर्दैछन्। यो कथा केवल बेरोजगारीको समस्या होइन, आत्मसम्मान, सामाजिक दबाबसँग जुध्ने संघर्ष र नयाँ आशाको खोजी पनि हो।

जब जीवनमा साँच्चिकै अप्ठ्यारो अवस्थामा आउँछ, त्यो बेला कहिलेकाहीं अभिनय पनि गर्नुपर्ने हुन्छ। त्यो अभिनय कहिलेकाहीं आफैंलाई, कहिलेकाहीँ परिवार र समाजलाई विश्वास दिलाउन पनि हुनसक्छ। जब, समाजले अवसर दिन सक्दैन, मानिसहरूले आफ्नो कल्पनाबाट अवसर सिर्जना गर्ने बाटो पाउन सक्छन्। चीनका युवाहरूले अहिले त्यही गरिरहेका छन्। यो अभिनयमा लुकेको संघर्ष, आशा र मेहनतले नै उनीहरूको भविष्य उज्यालो बनाउने छ।

# पानी नपर्दा रित्तियो कुलेखानी



**काठमाडौं, साउन २६**

बर्खाको समयमा पनि पर्याप्त पानी नपर्दा मकवानपुरस्थित कुलेखानी जलविद्युत् केन्द्रको जलाशयको सतह लगभग सकिएको छ। साउनको अन्तिमसम्म पनि कुलेखानी जलाशय वरपरका क्षेत्रमा पर्याप्त वर्षा नभएपछि जलाशयको पानीको सतह घटेर न्यून तहमा पुगेको हो।

जलाशयको जलाधार क्षेत्रमा अहिलेसम्म ठूलो वर्षा हुन सकेको छैन। त्यसैले, पानीको सतह अघिल्ला वर्षहरूको भन्दा कम रहेको कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले जानकारी दिएका छन्। उनका अनुसार आइतबार कुलेखानी जलाशयमा पानीको सतह १४९२.८८ मिटर मात्रै छ। यो न्यून सतहभन्दा २.८८ मिटर मात्रै धेरै हो। कुलेखानी जलाशयको न्यूनतम सतह १४९० मिटर हो। गत वर्ष यो समयमा जलाशयमा पानीको सतह १५१३.३ मिटर थियो।

'अहिलेसम्म कुलेखानी जलाशय वरपरको क्षेत्रमा पानी परेको छैन,' भट्टले भने, 'पानी नै नपरेपछि जलाशयको सतह बढ्ने कुरा भएन। दैनिक २० सेन्टिमिटर हाराहारीमा जलाशयमा पानी आए पनि सुख्खा यामको विद्युत्को माग धान्नलाई यो पर्याप्त हुँदैन।' अहिले पानीको सतह बढ्न सकेन भने हिउँदमा काठमाडौंमा विद्युत् उपलब्ध गराउन दबाब पर्ने देखिन्छ। भट्टले मध्य बर्खासम्म कुलेखानी जलाशयमा पानीको सतह बढ्न नसक्दा सुख्खा यामको विद्युत् माग व्यवस्थापनमा समस्या आउने बताए।

**जलाशयमा दैनिक २० सेन्टिमिटर हाराहारीमा पानी आए पनि सुख्खा यामको विद्युत्को माग धान्नलाई यो पर्याप्त हुँदैन। अहिले पानीको सतह बढ्न सकेन भने हिउँदमा काठमाडौंमा विद्युत् अभाव हुन सक्छ।**

भदौ महिनामा राम्ररी पानी पऱ्यो भने एकै दिन २० मिटरसम्म जलाशयमा पानी भरिन सक्ने हुँदा त्यो सम्भावना अझै रहेको पनि उनले बताए। अघिल्ला वर्षहरूमा समेत भदौ र असोज महिनामा हुने वर्षाले जलाशय भरिएको थियो। त्यसैले, यसवर्ष पनि भदौमा राम्रोसँग पानी परेमा त्यसको सम्भावना रहेको उनले बताए। नेपाल विद्युत् प्राधिकरणले विद्युत् वितरण प्रणालीको भोल्टेज व्यवस्थापन गर्न अहिले पनि आवश्यकता अनुसार कुलेखानी जलाशय चलाइरहेको छ। अघिल्लो वर्ष असोजमा अधिक वर्षा हुँदा कुलेखानी जलाशयमा पानीको सतह बढी भएर पानी 'स्पिल वे'बाट बाहिर गएपछि बाँधका २ वटा ढोका (गेट) खोलिएको थियो। जलाशय भरिँदा पानीको सतह अधिकतम १५३०.९३ मिटर पुग्छ।

जलाशय पूर्णरूपमा भरिँदा ८५ लाख घनमिटर पानी जम्मा हुन्छ। सुख्खा यामको विद्युत्को उच्च माग व्यवस्थापनमा मुख्य भूमिका खेल्ने कुलेखानी नै एकमात्र जलाशय जलविद्युत् केन्द्र हो। कुलेखानी जलाशयको पानी उपयोग हुने गरी ६० मेगावाटको कुलेखानी पहिलो, ३२ मेगावाटको कुलेखानी दोस्रो र १४ मेगावाटको कुलेखानी तेस्रो गरी ३ वटा जलविद्युत् केन्द्र सञ्चालनमा छन्।

# 'सरकारको खाताबाट हुने खर्चले मात्रै विकास सम्भव छैन'



काठमाडौं। उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारको खाताबाट हुने खर्चबाट मात्रै देशको विकास र समृद्धिको आकांक्षा पूरा हुन नसक्ने बताएका छन्। सोमबार अर्थ समितिको बैठकमा सरकारको खाताभन्दा बाहिरबाट विकासका काम अघि बढाउन आवश्यक रहेको बताएका हुन्। उनले वैकल्पिक स्रोतको खोजी र मुनाफासमेत हासिल गर्नेगरि नयाँ कानून आवश्यक रहेको बताए।

'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथिको दफावार छलफलका क्रममा अर्थमन्त्री पौडेलले सरकारको खाताभन्दा बाहिरबाट विकासका काम अघि बढाउन यो विधेयक चाहिएको प्रस्ट पारेका हुन्। 'सरकारको ट्रेजरीभन्दा बाहिरबाट पनि श्रोत परिचालन र व्यवस्थापन गर्न यो वैकल्पिक विकास वित्त कोष परिचालन गर्न खोजिएको छ। यो कानून बनेर कोष स्थापना भएपछि प्रतिफलयोग्य आयोजना छनोट गर्ने र त्यसको निर्माण तथा व्यवस्थापन गर्ने हो', मन्त्री पौडेलले भने, 'विकासका लागि चाहिने स्रोत अभाव पूर्तिका लागि भूमिका खेल्ने र आर्थिक क्रान्तिमा ठूलो योगदान यो कोषले दिनेमा हामी आशावादी छौं। यसको मुख्य उद्देश्य मुनाफा नै हो।'

वैकल्पिक विकास वित्त कोषबाट कृषि, वन पैदावार र खानी तथा खनिजजन्य क्षेत्रमा पनि लगानी गर्न सक्नेगरी अर्थ समितिले विधेयकमा थप गरेको छ। विधेयकअनुसार विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरुङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ।

त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोडवेलगायत संरचना निर्माण एवम् सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ। निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ।

यद्यपि, एक अर्ब रुपैयाँभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने विधेयकमा उल्लेख छ। अर्थ समितिले पनि यो प्रावधानलाई यथावत् राखेको छ। त्यस्तै, तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानत वापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिबेन्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने परियोजनामा कोषले लगानी गर्ने छैन।

मुलुकको समृद्धि, दिगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो।

विधेयकअनुसार कोषको अधिकृत पुँजी एक खर्ब रुपैयाँ र चुक्ता पुँजी २५ अर्ब रुपैयाँ हुनेछ। त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् १२ अर्ब ७५ करोड रुपैयाँ बराबरको शेयर लगानी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ। कोषमा नेपाल सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा कम्पनीले लगानी गर्न पाउनेछन्।

*रासस*

# नाडा अटो शोको उद्घाटन प्रधानमन्त्री ओलीले गर्ने



**काठमाडौं, साउन २६**

भदौ ३ गतेदेखि काठमाडौंमा हुने 'नाडा अटो शो २०२५' को औपचारिक उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने भएका छन्। नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपाल (नाडा) ले आयोजना गर्न लागेको अटो शोमा प्रधानमन्त्री प्रमुख अतिथिको रूपमा उपस्थित हुने कार्यक्रम तय भएको नाडाले जनाएको छ।

यसअघि, अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्ने भनिएको नाडा अटो शोको अब भने प्रधानमन्त्रीले उद्घाटन गर्ने तय भएको आयोजकले जनाएको छ। आइतबार नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा नाडाका पदाधिकारीहरूले प्रधानमन्त्री ओलीलाई भेटेका थिए। त्यसपछि प्रधानमन्त्री ओलीले निमन्त्रणा स्वीकार गरेको चौधरीले जानकारी दिएका छन्।

प्रधानमन्त्रीले एक्स्पोको उद्घाटन सत्रमा आउने निमन्त्रणा स्वीकार गरेकाले आफूहरूलाई थप हौसला मिलेको अटोमोबाइल व्यवसायीहरूले बताएका छन्। प्रधानमन्त्रीलाई भेट्न नाडा अध्यक्ष चौधरीसँगै उपाध्यक्ष राजनबाबु श्रेष्ठ, महासचिव सुरेन्द्रकुमार उप्रेती, सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल तथा केन्द्रीय कार्य समिति सदस्य मेघराज पौडेल पुगेका थिए। १७औं संस्करणको नाडा अटो शो आगामी भदौ ३ देखि ८ गते हुँदैछ। नाडा अटो शोमा १२५ भन्दा बढी गाडीका स्टलहरू राखिने भएको छ।

**युनिट्री रोबर्टस् र उड्ने कार मुख्य आकर्षण**

'गो फर मोर' भन्ने नारा दिइएको नाडा अटो शोमा युनिट्री रोबट्स (स्वचालन र बुद्धिमत्ताको नयाँ युगको प्रतीक-चार पांग्रे रोबर्ट) र डिपल इभिटिओल यूभीए (भविश्यको शहरी हवाइ मोबिलिटी-उड्ने कार) मुख्य आकर्षण रहने आयोजकले जनाएको छ।

# खातामा प्यान नम्बर अध्यावधिक गर्न एनआईसी एशियाको आग्रह

NIC ASIA
एन आई सी एशिया बैंक लि.

काठमाडौं (संवाददाता) - एनआईसी एशिया बैंकले आफ्ना ग्राहकलाई बैंक खातामा स्थायी लेखा नम्बर (प्यान) अध्यावधिक गर्न आग्रह गरेको छ। बैंक खाताबाट गरिएको करकट्टीको विवरण 'आयकर ऐन २०५८' बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आबद्ध गर्नुपर्ने भन्दै सबै ग्राहकलाई अध्यावधिक गर्न आग्रह गरेको सहायक प्रमुख कार्यकारी अधिकृत अर्जुनराज खनियाले जानकारी दिए।

ग्राहकले 'प्यानअपडेट डट एनआईसी एशिया बैंक डटकम' वा बैंकको मोबाइल बैंकिङ एपमा रहेको 'प्यान अपडेट विकल्प'मा ट्याब गरी आफ्नो प्यान अध्यावधिक गर्न सक्ने खानियाले जानकारी दिए।

यसबाहेक, ग्राहकले आफूलाई पायक पर्ने एनआईसी एशिया बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत प्यान अध्यावधिक गर्न आवेदन दिन सक्नेछन्।

बैंकबाट निक्षेपकर्ताको ब्याज भुक्तानीबापत काटिएको करलाई ई-टीडीएस रेकर्डमा जनाउनका लागि पनि प्यान अत्यावश्यक रहेको खनियाले बताए।

ग्राहकले प्यान अध्यावधिक गरेपछि उनीहरूको करकट्टीको विवरण (ई-टीडीएस) प्यानमा राखिने हुँदा आयकरको प्रणालीले स्वचालित रूपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्ने बैंकले जनाएको छ।

खातामा प्यान अध्यावधिक हुँदा ग्राहकलाई करकट्टी प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्थाको समेत अन्त्य गर्ने बैंकले विश्वास लिएको छ।

ग्राहकले प्यान अध्यावधिक नगराउँदा अहिलेसम्म ई-टीडीएसमा ब्याज आम्दानीको कर दाखिला गर्न नसकेको हुँदा आगामी दिनमा ब्याज करमा थप समायोजन गर्नुपरेको अवस्थामा बैंक जिम्मेवार नहुने पनि खनियाले जानकारी दिए।

# सकियो नाइमा नेपाल मोबिलिटी एक्स्पो

## एक लाखले गरे अवलोकन, २५०० सवारी बुकिङ

**काठमाडौं, साउन २६**

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएशन (नाइमा) द्वारा आयोजित 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५'सम्पन्न भएको छ। साउन २१ गते सुरु भएको एक्स्पोमा एक लाख भन्दा धेरैले अवलोकन गरेका छन्।

एक्सपोको समापन गर्दै नाइमाकी अध्यक्ष रितु सिंह वैद्यले प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा संलग्न सबैलाई धन्यवाद दिँदै एक्स्पो अपेक्षा गरेभन्दा बढी सफल भएको बताइन्।

'एक लाखभन्दा बढी दर्शक, प्रत्येक स्टलमा भएको बिक्री, मोबिलिटी सम्बन्धित प्यानल डिस्कसनमा भएको उत्कृष्ट सहभागिताका साथै तपाईंहरू प्रत्येकले देखाउनुभएको ऊर्जा, विचार, सहकार्य र जोस देख्दा मलाइ नाइमाले नेपालको मोबिलिटी क्षेत्रमा नयाँ आयामको विकाश गरेको अनुभव भएको छ,' वैद्यले भनिन। उनले एक्सपो अवधिभर करिब २५०० सवारी साधन बुकिङ भएको जानकारी दिइन।

नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले नाइमाले एक्स्पोका दौरान पाँच दिनसम्म निरन्तर



सिकाइका सत्रहरू सञ्चालन गरि अटो क्षेत्रको समग्र विकासमा प्रतिवद्ध छ भन्ने संदेश प्रवाह गरेको वताए।

नाइमाले भविष्यमा पनि यस्ता कार्यक्रमहरू नियमित रुपमा सरकार, सरोकारवालाहरू, र दातृ निकायहरू तथा उपभोक्ताहरूको सहभागितामा आयोजना गरिने कार्यकारी निर्देशक दुलालले बताए। सवारी साधन मात्रै प्रदर्शनीमा राखिएको नेपालकै सबैभन्दा ठूलो एक्स्पो- नाइमा नेपाल मोविलिटी एक्स्पोमा पहिलो दिन १५ हजार, दोस्रो दिन साढे १३ हजार, तेस्रो दिन साढे १९ हजार, चौथो दिन साढे २१ हजार, पाँचौ दिन २२ हजार र छैठौं दिन ७ हजार आठ सय दर्शकहरूले अवलोकन गरेको नाइमाले जनाएको छ। साउन २१ गतेदेखि २६ गतेसम्म सर्वसाधारणका लागि खुला रहेको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' मा ५० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डहरू सहभागी थिए।

# 'बिजनेस ब्लुप्रिन्ट'को मुख्य प्रायोजक शिवम् सिमेन्ट



काठमाडौं (संवाददाता)- नेपालमा पहिलो पटक 'बिजनेस ब्लुप्रिन्ट नेपाल' आयोजना हुने भएको छ। अन्तर्राष्ट्रिय ख्यातिप्राप्त मोटिभेसनल लेखक, व्यवसायिक प्रशिक्षक तथा गिनिज वर्ल्ड रेकर्ड होल्डर उज्ज्वल पाटनीको विशेष उपस्थितिमा बिजनेस ब्लुप्रिन्ट नेपाल आयोजना हुन लागेको हो।

यो कार्यक्रम आगामी भदौ १२ गते बिहीबार, होटल मेरियट, नक्साल, काठमाडौंमा बिहान साढे १० बजे देखि अपरान्ह ५ बजेसम्म आयोजना हुनेछ। बिजनेस ब्लुप्रिन्ट नेपालमा पाटनीले मन्तव्य दिने छ। पाटनीसँग ३ वटा गिनिज वर्ल्ड रेकर्ड, १५ भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, टक-१० थिंकर २०१४, र वेष्ट कर्पोरेट ट्रेनर अफ इन्डियाजस्ता सम्मानहरू छन्। उनको डिजिटल शो, 'दि गज्वल पाटनी शो' हरेक साता ७५ भन्दा बढी देशका ८० लाख दर्शकमाझ पुग्ने गरेको छ।

बिजनेस ब्लुप्रिन्ट नेपालको मुख्य प्रायोजक शिवम् सिमेन्ट रहेको छ। विज्ञापनमात्र नभइ, शिवम् सन्देश, नो कम्प्रमाइज जस्ता सन्देशमूलक अभियानमार्फत समाजमा सकारात्मक प्रभाव पुऱ्याउँदै शिवम् सिमेन्टले आफ्नो ग्राहकमाझ छुट्टै पहिचान बनाउन सफल भएको छ। साथै, शिवम् सिमेन्टले विभिन्न महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता जनाउँदै आफ्नो ब्रान्ड भ्यालुलाई थप सुदृढ बनाउँदै आएको छ।

मेगा बिजनेस सेमिनारमा सहकार्य गर्दै पाटनी जस्तो विश्वस्तरका मोटिभेसनल स्पिकरसँगको सहकार्यमार्फत सहभागीहरूलाई व्यावसायिक उत्प्रेरणा र ज्ञान प्रदान गर्ने उद्देश्य रहेको शिवम् सिमेन्टका प्रतिनिधिले बताएका छन्।

# विद्युत् प्राधिकरणसामु इप्पानका एघार माग

**काठमाडौं, साउन २६**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसामु ११ बुँदे माग राखेको छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधिमण्डलले सोमवार कार्यकारी निर्देशक शाक्यलाई भेटेर आफ्ना मागहरू छिटो पूरा गरिदिन आग्रह गरेको हो।

वरिष्ठ उपाध्यक्ष डाँगीले लामो समयदेखि उठाउँदै आएको जलविद्युत् आयोजनाको विद्युत् उत्पादन तालिका (आरसिओडी)को म्याद थप्ने देखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्नेसम्मका ११ वटा माग सुनुवाई नभएको भन्दै प्राधिकरणको जवाफ मागिएको बताए। इप्पानले आरसीओडी म्याद थप गर्ने, खेर जाने विद्युत्को व्यवस्थापन र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्ने, बिना सर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पालो कुरिरहेका जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) खुलाउनुपर्ने, १० मेगावाटसम्मका आयोजनाको पीपीए यथाशीघ्र सुचारु गर्नुपर्ने र प्राधिकरणले ५००० मेगावाटको लागि पीपीए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने माग गरेको छ।

यस्तै, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने, टेक एण्ड पे प्रावधानको पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्न दिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको चुहावट न्यूनीकरण गर्नुपर्ने र जलविद्युत्बारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा (सोलार र ब्यार्टी भएपछि जलविद्युत् आवश्यक नपर्ने भनाईबारे स्पष्टता) दिनुपर्ने लगायतका माग पनि इप्पानले राखेको छ। वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ आयोजनाहरू कन्टिन्जेन्सीमा चलिरहेको भन्दै त्यस्तो व्यवस्था खारेज हुनुपर्ने बताए। बजेटमा टेक एण्ड पे प्रावधान सहितको पीपीए समावेश गरेपछि १० मेगावाट भन्दा साना आयोजनाको पीपीए पनि रोकिएकोले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने माग पनि इप्पानले गरेको छ।

इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले पीपीए नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताए। एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिन भन्नु उचित नभएको उनको भनाइ छ। उनले १० मेगावाट भन्दा साना र ठूला भनेर दुई थरी नीति लिन नहुने पनि बताए। साना आयोजनालाई भनेर दिएका सुविधा ठूला आयोजनालाई पनि बराबरी दिनुपर्ने उनले बताए।

इप्पानका महासचिव बलराम खतिवडाले पछिल्लो समय विद्युत् प्राधिकरणबाट सम्पादन हुनुपर्ने निजी क्षेत्रका कामहरू छिटोछरितो नभएको गुनासो आएको भन्दै निजी प्रवर्द्धकहरूसँग दुरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गरे। उनले १० मेगावाट साना आयोजनाको पीपीए पनि रोकिँदा लगानीकर्ताहरू पलायन हुनसक्ने चिन्ता व्यक्त गरे। इप्पान कार्यसमिति सदस्य उत्तरकुमार श्रेष्ठले आरसीओडी म्याद थपका विषयमा फोर्स मेजर भनेर मात्रै हेर्न नहुने बताए। उनले एउटा जिल्लामा बाढी आएर पुल बगाउँदा त्यही जिल्लाका आयोजनाले आरसीओडी थप पाउँदा त्यही पुलबाट सामान ढुवानी गर्नुपर्ने अर्को जिल्लाको आयोजनाले भने



उक्त सुविधा पाउन नसकेको बताए। विद्युत्को व्यवस्थापन गर्न नसकिरहेको अहिलेको अवस्थामा ढिलो बिजुली उत्पादन हुँदा विद्युत् प्राधिकरणलाई नै बेफाइदा हुने भए पनि किन सबै आयोजनाको आरसीओडी म्याद थप नगर्ने भन्दै श्रेष्ठले प्रश्न गरे।

कार्यसमिति सदस्य कुवेरमणि नेपालले सबै आयोजनाका पावर हाउसमा १/१ मेगावाट सोलार राख्न अनुमति दिए हिउँदको माग व्यवस्थापनमा सहज हुने बताए। तर, त्यसका लागि उक्त बिजुलीको रेट पनि जलविद्युत्ले हिउँदमा पाउने रेट नै हुनुपर्ने उनको भनाइ छ। कार्यसमिति सदस्य शंकर बश्यालले सरकारले खाना पकाउने ग्यासमा दिँदै आएको अनुदान विद्युत्ीय चुल्हो लगायतका संरचना निर्माणमा खर्च गरेर विद्युत् खपत बढाउनुपर्ने बताए।

**शाक्यको जवाफः सञ्चालक समितिमा प्रस्ताव लैजान्छु**

इप्पानका समस्या सुनेर जवाफ दिँदै प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसीओडीको म्याद थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने बताए। कतिपय आयोजनाको हकमा भने त्यसको अवस्था हेरेर निर्णय लिनुपर्ने बताएपछि इप्पानका पदाधिकारीहरूले प्रतिवाद गरेका थिए। त्यसपछि शाक्यले अख्तियारको डर देखाउँदै कन्टिन्जेन्सी व्यवस्था तत्कालै खारेज गर्न नसकिने जवाफ दिए। 'कन्टिन्जेन्सी खारेज गर्नका लागि कि त निर्यात हुनुपऱ्यो, कि त आन्तरिक खपत बढ्नुपऱ्यो। होइन भने हामी यो हटाउन सक्दैनौं। क्लज हुँदाहुँदै पैसा तिर्दा त म अख्तियारको फन्दामा पर्छु', शाक्यले भने।

समस्या समाधानको लागि लाइनको क्षमता बढाउन र नयाँ बनाउन निजी क्षेत्रसँग मिलेर काम गर्नुको विकल्प नभएको उनको भनाइ छ। उनले पश्चिम सेती करिडोरमा निजी क्षेत्रसहितका ४ वटा निकायले संयुक्तरूपमा प्रसारणलाइन निर्माणमा हात हालिसकेको भन्दै आगामी दिनमा पनि यसै गरी जानुपर्ने बताए। निजी क्षेत्रले प्रसारणलाइन बनाउँदा जलविद्युत् उत्पादन गर्ने आयोजनाको पीपीए गरेजस्तै प्रसारणलाइनमा पनि त्यस्तै मोडालिटीमा आम्दानीको ग्यारेन्टी गरिने शाक्यको भनाइ छ।

उनले पीपीए भइसकेर निर्माणमा गएका ५००० मेगावाट क्षमताका आयोजना र अब पीपीए हुने ४९०० मेगावाट क्षमताका आयोजनाको विद्युत् ६ महिनामा सिधै भारतमा निर्यात हुने सुनिश्चितता गरेर थप आयोजनको पीपीए गर्नका लागि आफू लागिरहेको पनि बताए। त्यसका लागि प्राधिकरणले छिट्टै सूचना निकालेर प्रवर्द्धकहरूलाई छलफलमा बोलाउने र उत्पादन हुने मिति एकिन गरेर त्यसपछि भारतलाई आयोजनाको विद्युत् आउने समयअनुसार यो मितिमा यति बिजुली दिन सक्छौं भनेर सम्झौता गर्ने तयारीमा प्राधिकरण रहेको बताए। उनले प्रवर्द्धकले त्यसरी भनेको समयमा विद्युत् दिन नसके भारतकै नियमअनुसार जरिवाना तिर्नुपर्ने पनि संकेत गरे। तर, यी सबै काममा विद्युत् प्राधिकरण एक्लैले सबै रिस्क लिन नसक्ने भन्दै उनले रिस्क शेयरिङका लागि पनि इप्पानसँग आग्रह गरे। आयोजनाको पीपीए खुला गर्ने अर्को विकल्प भनेको निजी क्षेत्रले नै विद्युत् खरिदबिक्री गर्ने बाटो खुला गर्नु रहेको पनि शाक्यले बताए।

**शाक्यको स्पष्टीकरण**

केही दिन अघि शाक्यले एउटा सार्वजनिक कार्यक्रममा प्राधिकरण जलविद्युत् आयोजनाको पछि नालग्ने बताएका थिए। त्यसमा व्यवसायीहरूले आपत्ति जनाएपछि शाक्यले प्रष्टीकरण दिएका छन्। उनले आगामी दिनमा सोलार ऊर्जा सस्तो हुँदै जाने र ब्याट्री स्टोरेज पनि गर्न सकिने भएकाले जलविद्युत्को उपदेयता कम हुन्छ कि भनेर चिन्ता व्यक्त गरेको दाबी गरे।

उनले भने, 'सोलार सस्तो हुँदैछ, त्यही भएर पछि सस्तो बिजुली यताबाट आयो भने हाइड्रो के गर्ने भनेको हो, १० वर्ष पछि यस्तो अवस्था आउँछ भनेको हो, चाहिदैन भनेको होइन।' हाइड्रोले ६० प्रतिशत स्वदेशी सामान खपत गर्ने, स्वदेशकै जनशक्ति खपत गर्ने र सोलारलका प्यानल देखि ब्याट्रिसम्म सबै आयात हुने हुँदा अर्थतन्त्रमा जलविद्युत्कै योगदान बढी हुनेमा आफू स्पष्ट रहेको पनि शाक्यले बताए।

# शेयरबजार कारोबार

# सूचक घट्यो, रकम बढ्यो



| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,८२२.४६ |
| कारोबार रकम (रू) | १०,२१०,१४२,३०८ |
| कारोबार भएको शेयर संख्या | २५,०९२,४९० |
| कारोबार भएका कम्पनी | २५० |
| बजार पुँजीकरण | ४,७११,८७७,३७०,६८९ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४७८.६० | ०.४१ |
| विकास बैंक | ५,८७३.०२ | -२.३१ |
| फाइनान्स | २,५५३.५७ | -१.२७ |
| होटल तथा पर्यटन | ६,९११.०५ | -०.७५ |
| जलविद्युत् | ३,६६७.२६ | -१.४१ |
| लगानी | ११२.८९ | -१.१७ |
| जीवन बीमा | १३,२९४.७० | -०.८० |
| उत्पादन तथा प्रशोधन | ७,६७८.६६ | -०.७५ |
| लघुवित्त | ५,३३४.१९ | -२.३५ |
| म्युच्युअल फण्ड | २०.५७ | ०.०३ |
| निर्जीवन बिमा | १२,५९०.७९ | -१.२४ |
| व्यापार | ४,२३५.२२ | -१.४४ |
| अन्य | २,६२९.४७ | ०.३१ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| शिवम् सिमेन्ट लि. | ५३८,८६०,९५७ | ६४५.०० |
| हिमालयन रिइन्स्योरेन्स लि. | ४२८,३२९,९२२ | १,०००.०० |
| नेपाल रिइन्स्योरेन्स क.लि. | ३६६,०५३,२३५ | १,५५०.०० |
| साहस उर्जा लि. | ३६४,५५२,७६१ | ६८२.९० |
| बुटवल पावर क.लि. | २९७,१८७,८५१ | ८६१.०० |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि. | २,२४६.२८ | -२८५.७४ | -७.६४ |
| लिबर्टी इनर्जी क. लि. | २३६.२२ | -१७.९५ | -७.०६ |
| ट्रेड टावर लि. | ९७९.०४ | -७३.६० | -६.९९ |
| सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | १,८३३.४३ | -१११.७१ | -५.७४ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | २,२६८.५२ | -१३७.६९ | -५.७२ |

news 24
**काठमाडौं, साउन २६**

शेयरबजार सोमबार घटेर बन्द भएको छ। कारोबार सुरु भएपछि आधा घण्टासम्म बढेको बजार त्यसपछि घट्न थालेको थियो। बजार बन्द हुँदासम्म कारोबार मापक नेप्से परिसूचक २७.९० अंकले घटेर २२८२.४६ विन्दुमा झरेको छ।

नेप्से घटे पनि कारोबार रकम भने बढेको छ। १० अर्ब २१ करोड एक लाख ४२ हजार रुपैयाँ बराबरको दुई करोड ५० लाख ९२ हजार ४९० कित्ता शेयर किनबेच भएको छ। कारोबार भएका २५० कम्पनीमध्ये २२० वटाको शेयरमूल्य घट्दा बजारमा दबाब परेको हो। तर ३० वटा कम्पनीका शेयरधनीले कमाएका छन्।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक ४.७४ अंकले घटेर ४८५.४१ विन्दुमा झरेको छ। यस्तै, साधारण शेयर तर्फको कारोबार मापन गर्ने फ्लोट इन्डेक्स २.१० अंकले घटेर १९३.५४ विन्दुमा बन्द भएको छ। सूचीकृत १३ समूहमध्ये म्युचुअल फण्ड र अन्य बाहेक सबै समूह घटेका छन्। म्युच्युअल फण्ड ०.१७ प्रतिशत र अन्य समूह ०.३१ प्रतिशत बढेको छ। सबैभन्दा धेरै लघुवित्त समूह २.३५ प्रतिशत घटेको छ। त्यसपछि विकास बैंक समूह २.३१ प्रतिशत, ब्यापार समूह १.४४ प्रतिशत, जलविद्युत १.४१, फाइनान्स १.२७, निर्जीवन बीमा १.२४, लगानी १.१७, जीवन बीमा ०.८०, होटल तथा पर्यटन ०.७६ र बैंकिङ ०.४१ प्रतिशतले घटेका छन्।

रिभरफल्स पावर लिमिटेडको शेयर कारोबार सकारात्मक सर्किट लेबलमा भएको छ। बजार बन्द हुँदा यो कम्पनीको शेयरमूल्य ९.९९ प्रतिशत बढेको छ। त्यसपछि पञ्चकन्या माई हाइड्रोपावरको शेयरमूल्य ६.८७ प्रतिशत, बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनीको ३.४७ प्रतिशत, सिद्धार्थ बैंकको २.३२ प्रतिशत र कृषि विकास बैंकको शेयरमूल्य २.३२ प्रतिशतले बढेको छ।

उन्नती सहकार्य लघुवित्त वित्तीय संस्थाका शेयरधनीले सबैभन्दा धेरै ७.६४ प्रतिशत गुमाएका छन्। त्यसपछि लिवर्टी इनर्जी कम्पनीको शेयरमूल्य ७.०६ प्रतिशत, ट्रेड टावरको ६.९९, सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाको ५.७४ र विन नेपाल लघुवित्त वित्तीय संस्थाको ५.७२ प्रतिशतले घटेको छ।

शिवम् सिमेन्टको शेयर कारोबार सर्वाधिक ५३ करोड ८८ लाख रुपैयाँ बराबरको भएको छ। त्यसपछि हिमालयन रिइन्स्योरेन्सको ४२ करोड ८३ लाख रुपैयाँ, नेपाल रिइन्स्योरेन्सको ३६ करोड ६० लाख रुपैयाँ, साहस उर्जाको ३६ करोड ४५ लाख र बुटवल पावर कम्पनीको २९ करोड ७१ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ।

यसदिन लगानीकर्ताको सम्पत्ति ४६ अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४७ खर्ब ११ अर्ब रुपैयाँ कायम भएको छ। गतसाताको अन्तिम दिन बजार पुँजीकरण ४७ खर्ब ५७ अर्ब रुपैयाँ बराबर थियो। साधारण शेयर तर्फको बजार पुँजीकरण पनि १७ अर्ब रुपैयाँ घटेर १५ खर्ब ९७ अर्ब रुपैयाँमा झरेको छ।

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| रिभर फल्स पावर लि. | ४०६.१० | ३६.८७ | ९.९९ |
| पञ्चकन्या माई हाइड्रोपावर लि. | ४०६.७६ | २६.१६ | ६.८७ |
| बुधभूमि नेपाल हाइड्रोपावर क.लि. | ५४१.३६ | १८.१८ | ३.४७ |
| सिद्धार्थ बैंक लि. | ३८०.३२ | ८.७४ | २.३५ |
| कृषि विकास बैंक लि. | ३३४.४४ | ७.५९ | २.३२ |

# हरित ऊर्जामा अष्ट्रेलियाली प्रविधि र लगानी



काठमाडौं (संवाददाता)- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले नेपालले हरित ऊर्जा रूपान्तरणमा अष्ट्रेलियाली प्रविधि र लगानीलाई स्वागत गर्ने बताएका छन्। नेपालका लागि अष्ट्रेलियाका राजदूत लिआन जोनस्टनसँग सोमबार भएको भेटमा मन्त्री खड्काले यस्तो बताएका हुन्।

ऊर्जा मन्त्रालयमा भएको भेटमा मन्त्री खड्काले नेपाललाई अस्ट्रेलियाले गर्दै आएको सहयोगप्रति आभार प्रकट गरे। उनले अष्ट्रेलियाले नेपाललाई दिँदै आएको छात्रवृत्ति तथा क्षमता विकास कार्यक्रमले नेपालको जनशक्ति सुदृढीकरणमा काम गरेको बताए।

भेटमा दुई देशबीचको कूटनीतिक सम्बन्धको ६५ वर्ष प्रवेश भएकोमा खुसी व्यक्त गर्दै मन्त्री खड्काले जलविद्युत् विकास, नवीकरणीय ऊर्जा, प्रसारण प्रणाली आधुनिकीकरण, जलवायु अनुकूलित सिँचाइ, स्वच्छ ऊर्जा, पूर्वाधार र प्रविधि क्षेत्रमा सहकार्यकोसम्भावना रहेको बताए। यस्तै, राजदूत जोनस्टनले मन्त्री खड्कालाई आगामी सेप्टेम्बर ८ देखि १०सम्म फ्रान्सको पेरिसमा आयोजना हुने अन्तर्राष्ट्रिय पम्प स्टोरेज जलविद्युत् सम्मेलनमा सहभागी हुन औपचारिक निमन्त्रणा दिइन्। सम्मेलनमा सहभागी हुन मन्त्री खड्का पेरिस जाँदैछन्।

उनले नेपालले ऊर्जा क्षेत्रको विकासका लागि मन्त्री खड्काकै कार्यकालमा ऊर्जा विकास मार्गचित्र ल्याएकोमा बधाइ तथा शुभकामना दिइन्। राजदूत जोनस्टनले वातावरणीय सन्तुलन कायम राख्दै जलविद्युत् विकास नेपालका लागि लाभदायी हुनेमा विश्वास व्यक्त गर्दै यस महत्वाकांक्षी योजनामा अष्ट्रेलियाको सहयोग र साझेदारी रहने आश्वासन समेत दिइन्। - *रासस*

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/०४/२७ गते न्युज 24 दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ भदौ ०३ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कलैया, बारामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय,कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौमा कम्पनी मिति २०६५/१२/१८ मा प्रा.लि.न. ६१५३४/०६५/०६६ कायम भई दर्ता रहेको पर्सा जिल्ला, बिरगँज उप.मा. वडा नं. १६, पर्सा स्थित रजिष्टर्ड कार्यालय रहेको **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि।** **सञ्चालक – रेणु कुमारी साह** | १. **नेपाल मेटल एण्ड वायर इण्डष्टिज प्रा.लि.** नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, चोरनी गा.वि.स./न.पा वडा नं. ७ स्थित कित्ता नं. ७६६ र ७६८ को क्षे.फ. क्रमश ०२७६७.८३ र ०३०८९.५ (व.मि) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **रेणु कुमारी साह**<br>ना.प्र.नं.- २२०३<br>जारी मिति - २०६२/०७/०४, जि.प्र.का. पर्सा<br>बाबु - सिताराम साह<br>बाजे - बुचाई साह<br>स्थायी ठेगाना- सप्तरी जिल्ला नार्घो गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना- पर्सा जिल्ला, विरगंज उप.म.न.पा. वडा नं. १३<br>२. **बिशाल साह**<br>ना.प्र.नं.- ३४-०१-७३-०६२२०<br>जारी मिति - २०७३/०५/२७, जि.प्र.का. पर्सा<br>बाबु - सत्य नारायण साह<br>बाजे – कारी साह हलुवाइ<br>स्थायी ठेगाना- सप्तरी जिल्ला नार्घो गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना- पर्सा जिल्ला, विरगंज उप. म.ना.पा. वडा नं. १३ | ३. **सत्य नारायण साह**<br>ना.प्र.नं.- ७००२४०८४<br>जारी मिति - २०५०/०२/०३, जि.प्र.का. सप्तरी<br>बाबु - कारी साह हलुवाइ<br>बाजे – फचाई साह<br>स्थायी ठेगाना- सप्तरी जिल्ला नार्घो गा.वि.स. वडा नं. ५ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८२ भदौ ०२ गते** भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८२ भदौ ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय कलैया, बारामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ भदौ ०३ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५**

# हुन्डी फस्टाउँदै

रौतहट (संवाददाता)- रौतहटमा अवैधरूपमा हुन्डी कारोबार फस्टाउँदा राजस्व संकलन घटेको छ। कारोबारीले बैंकिङ कारोबार नगरी हुण्डीको प्रयोग बढाउँदै लागेपछि रावस्व संकलनमा कमी आएको हो।



अहिलेसम्म रौतहट प्रहरीले हुन्डी कारोबारमा संलग्न मानिसहरूबाट लाखौं रूपैयाँ बरामद गरेको छ भने आधा दर्जन कारोबारीलाई नियन्त्रणमा लिइ मुद्दा चलाइसकेको छ। तर, पनि अबैध हुन्डी कारोबार रोकिएको छैन। सीमावर्ती भारतबाट नेपालतर्फ पैसा मगाउन एवं नेपालबाट भारतमा पैसा पठाउन बैंकिङ प्रणालीको प्रयोग गर्नेभन्दा हुण्डीबाट कारोबार गर्नेहरू बढी देखिन्छन्। बैंकमार्फत पैसा पठाउँदा उच्च शुल्क लाग्ने र झन्झटिलो प्रक्रिया हुने भएपछि यस क्षेत्रका ब्यापारी तथा सर्वसाधारणले हुण्डीमार्फत पैसा पठाउने र ल्याउने काम गर्दै आएको देखिन्छ। यसरी हुण्डीमार्फत कारोबार बढ्दै जाँदा जिल्लाको राजस्व संकलनमा प्रभाव परेको हो।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले सीमावर्ती भारतीय आफन्तकहाँ पैसा पठाउने र सो पैसा अवैधरूपमा प्रवेश गराउने क्रम बढेको छ। भारतीय सीमावर्ती क्षेत्रबाट रकम प्रवेश गराउने क्रम तीव्र भएसँगै रौतहटका बजार क्षेत्रमा रेमिट्यान्स सेवा दिँदै आएका संस्थाहरूको कारोबार पनि घट्दै गएको छ। रौतहटको कटहरिया बजारमा रेमिट्यान्स सेवा दिन खुलेका दुई संस्था बन्द हुने अवस्थामा पुगेका छन्। हुण्डी कारोबार फस्टाउँदा एवं बजारमा बैंकिङ सेवा विस्तार भएका कारणले पनि विदेशबाट पैसा प्राप्त गर्ने तथा विदेशमा पठाउने कारोबार गर्दै आएका केही संस्थाहरू बन्द हुने अवस्थामा पुगेका हुन्।

प्रहरीले जिल्लामा हुन्डी कारोबारीमाथि निगरानी बढाएको भए पनि नेपाल र भारत गरी दुवैतिर हुन्डी कारोबार फस्टाएको देखिन्छ। केही भारतीयले पनि कर छल्न नेपाली व्यापारीकहाँ पैसा पठाउने गरेको र अवैध तरिकाले भारत पैसा लैजाने गरेको पाइएको छ। समय समयमा भारतबाट नेपालतिर र नेपालबाट भारततिर स्रोत नखुलेको रकम भनी दुवैतिरका प्रहरीले समात्ने गरेको घटना पनि बाहिरिने गरेका छन्।

नेपाल-भारतको सीमावर्ती क्षेत्रमा निगरानी बढेको भए पनि प्रहरीलाई छलेर अवैध कारोबार गर्नेहरू सक्रियरूपमा लागिरहेको पाइन्छ। खासगरी, साना तथा ग्रामीण नाकाको प्रयोग गरेर हुन्डी कारोबार गर्नेहरू सक्रिय हुने गर्छन्।

सीमावर्ती क्षेत्रबाट हजारौं मानिस कामको खोजीमा विदेश गएका छन्। विदेशबाट नेपाली बैंक खातामार्फत पैसा पठाउँदा केही महँगो पर्ने भएकोले हुन्डीमार्फत पठाउने गरेको कामदारका आफन्तहरू बताउँछन्। 'भारतीय आफन्तकहाँ भएर पैसा मगाउँदा खर्च परेको खासै अनुभूति हुँदैन, तर नेपालको खातामार्फत मगाउँदा महँगो पर्ने हुन्छ' स्थानीयहरूको भनाइ छ।

सीमावर्ती बजारमा सामान पनि किन्न सजिलो हुने र पैसा बोकेर ल्याउन पनि सजिलो हुने गरेको उनीहरूको भनाइ छ। हरेक महिना पैसा मगाउँदा घरको लागि सामान पनि किन्न सजिलो हुने उनीहरूको तर्क छ। हुन्डी कारोबारले गर्दा राजस्वमा घाटा भएको र देशमा कति पैसा विदेशबाट आइरहेको छ भन्ने यकिन तथ्यांक पनि नहुने हुँदा स्वदेशकै वैधानिक माध्यम भएर विदेशबाट पैसा मगाउन उचित हुने स्थानीय जानकारहरू बताउँछन्।

कटहरियाका वडाध्यक्ष समीशविक्रम शाह वैधानिक तरिकाले विदेशबाट पैसा मगाउनु उचित हुने बताउँछन्। वैधानिक तरिकाले विदेशबाट पैसा मगाउँदा देशको विकासमा योगदान दिने उनले बताए।

# सामसङको स्मार्टफोन मर्मत क्याम्प



काठमाडौं (संवाददाता)- सामसङ नेपालले चिस्यान र पानीका कारण क्षति भएर बिग्रिएका मोबाइलहरू मर्मत गर्नका लागि 'सामसङ मनसुन क्याम्प' सुरु गरेको छ। यो क्याम्पबाट सामसङ स्मार्टफोन प्रयोगकर्ताले चार्जिङ पोर्ट सहित संवेदनशील भागहरू मर्मत गर्न सक्नेछन्।

सामसङका ग्राहकले अगस्ट २४सम्म यो क्याम्पबाट सेवा लिन सक्नेछन्। प्रयोगकर्ताले फोनको वारेन्टी भए पनि वा नभए पनि सेवा केन्द्रमा गएर चार्जिङ पोर्ट निःशुल्क परिवर्तन गर्न सक्नेछन्। तर श्रम शुल्क र थप पार्टसको लागत भने ग्राहले आफै ब्यहोर्नुपर्नेछ। यो सेवा सामसङका अधिकृत सेवाकेन्द्रहरूमा मात्रै उपलब्ध हुने पनि सामसङ नेपालले स्पस्ट पारेको छ।

कम्पनीले आफ्ना प्रयोगकर्तालाई सीमित समयको सेवा उपयोग गर्न पनि आग्रह गरेको छ।

# 'लालपुर्जा प्रोपर्टी एक्स्पो'मा ९० करोडको कारोबार

ललितपुर (संवाददाता)- नेपाली रियल स्टेटको अग्रणी संस्था लालपुर्जा नेपाल प्रालिले आयोजना गरेको 'लालपुर्जा प्रोपर्टी एक्स्पो' एक हजार बढीले अवलोकन गरेका छन्। ललितपुरको लाबिम मलमा आयोजना गरिएको एक्स्पोमा अवलोकनकर्ताको उत्साहजनक सहभागिता भएको कम्पनीले जानकारी दिएको छ।

एक्स्पोमा विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृतदेखि विभिन्न निकायका उच्चपदस्थ पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। आयोजकका अनुसार एक्स्पोमा सर्वसाधारण, व्यवसायी, लगानीकर्ता तथा ग्राहकले सहभागिता जनाउँदै विभिन्न रियलइस्टेट परियोजनाहरूको प्रत्यक्ष अवलोकन र जानकारी लिएका छन्।

एक्स्पोका अवसरमा २०० भन्दा बढी घर/जग्गा खरिदकर्ताहरू र ३०० भन्दा बढी बिक्रेताहरूले दर्ता फाराम भरेका छन्। यसबाट करिब ९० करोड रुपैयाँसम्मको कारोबार हुने अनुमान गरिएको लालपुर्जा नेपालका प्रमुख कार्यकारी अधिकृत मुक्तिनाथ नेपालले जानकारी दिए। 'यो एक्स्पो हाम्रो अपेक्षाभन्दा धेरै सफल भएको छ, यसले नेपालको रियल इस्टेटको इतिहासमा नयाँ उपलब्धि थपेको छ,' उनले भने।

एकदिने एक्स्पोले रियल इस्टेट बजारमा पारदर्शिता, प्रत्यक्ष अन्तरक्रिया र सचेतना वृद्धि गर्ने उद्देश्य सफलतापूर्वक पूरा गरेको आयोजकको दाबी छ। साथै, यस किसिमका कार्यक्रमहरूले खरिदकर्तामा विश्वास बढाउने र बिक्रेतालाई थप गतिशीलता प्रदान गर्ने विश्वास व्यक्त गरिएको छ।

नेपालको इतिहासमै पहिलोपटक आयोजना गरिएको यो एक्स्पोले बजारलाई थप उचाइमा पुर्‍याएको पनि आयोजकको दाबी छ। ग्राहकहरूले प्रत्यक्ष लाभ लिन पाएको कारण लालपुर्जाले नेपालले यस्ता कार्यक्रमहरू अब अन्य स्थानहरूमा पनि विस्तार गर्ने योजना सार्वजनिक गरेको छ।

एक्स्पोमा उपस्थित सबैको सकारात्मक प्रतिक्रिया लालपुर्जा नेपाल टिमका लागि ठूलो प्रेरणाको स्रोत बनेको मार्केटिङ म्यानेजर प्रभेज आलमले बताए। उनले ग्राहकहरूको यस्तै साथ र समर्थन रह्यो भने नेपालको रियल इस्टेट बजारले छिट्टै ठूलो फड्को मार्ने पनि बताए।

आगामी दिनहरूमा यस एक्स्पोलाई अझ ठूलो आकारमा र अन्तर्राष्ट्रिय सहभागितासहित आयोजना गर्ने तयारी भइरहेको उनको भनाइ छ। लालपुर्जा नेपाल जग्गा/जमिन खरिदबिक्री ब्रोकर एजेन्सी हो। देशभर ५ शाखा र ५० भन्दा बढी सदस्य टिमसहित लालपुर्जा नेपालले घरजग्गा खरिदबिक्री सेवा प्रदान गर्दै आएको छ। लालपुर्जा नेपालसँग अहिलेसम्म एक हजार भन्दा बढी जग्गा-जमिन सूचीबद्ध भएका छन्।

# राजेन्द्र थापाको गीत हरण

पाठ्यक्रम विकास केन्द्रले विशेषज्ञहरूमार्फत सरकारी विद्यालयका पाठ्यक्रमहरू तयार पार्ने गर्छ। ती विज्ञहरूले तयार पारेका पाठ्यपुस्तकमा गम्भीर त्रुटि भएको फेला परेको छ। कक्षा ९ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकको ५४ औं पृष्ठमा 'दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस्' भन्ने पृष्ठमा अरुणा लामाद्वारा स्वरबद्ध गीत 'यसपालि त मनै फाट्यो के ले सिउने केले टाल्ने हो…'लाई अम्बर गुरुङद्वारा रचित भनी लेखिएको छ।


राजेन्द्र थापा


अम्बर गुरुङ

गीतको स्थायी 'पोहोर साल खुशी फाट्दा…'बाट शुरु नगरी एकै पटक यसपालि त मनै फाट्यो…'बाट शुरु गरिएको छ।

गीतकार राजेन्द्र थापाले यसबारे फेसबुकमा अरुले ट्याग गरेपछि मात्र थाहा पाएका थिए। उनले फेसबुकमा लेखेका छन्, 'बिचौलियाले चलाएको देशको पाठ्यपुस्तकमा यस्तो हुनु स्वाभाविक हो। गलत किताब, गलत गुरु भएपछि ज्ञान पनि गलत। कसैले बिचौलिया शिक्षामन्त्रीलाई पुऱ्याइदिनु होला।'

गीतकार थापाले २०५९ सालमा निस्किएको प्रतिलिपि अधिकार ऐनमा रहेको नामको अधिकार, नैतिक अधिकार हनन गर्ने तिनलाई कसले सजाय दिन्छ भनी प्रश्न गरेका छन्।

गएको अगस्त ७ गतेदेखि यो पाठ्यपुस्तक सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। भाइरल भएपछि पाठ्यक्रम विकास केन्द्रका निर्देशक तथा सूचना अधिकारी पुरुषोत्तम घिमिरेले पाठ्यपुस्तकका बारेमा आएका कुराको रुजु भइरहेको, यसमा गल्ती कहाँबाट कसरी भयो, त्यसबारे छानबिन गरिरहेको र रुजुपछि आएको वास्तविकतालाई सच्याइने बताएका छन्।

पोहोर साल खुशी फाट्दा
जतन गरी मनले टालेँ
त्यही साल माया फाट्यो
त्यसलाई पनि मनले टालेँ
यसपालि त मनै फाट्यो
केले सिउने, केले टाल्ने हो ?

सास फेरे जस्तो लाग्छ
तर भन्छन् मरी सकिस्
तेरो भाग्य यति नै हो
भोगचलन गरी सकिस्
सलहको भाग्य मेरो
मर्ने बाँच्ने ठेगान छैन
भाग्य फाटे सिउँथें बरु
तर मन सिउने केले हो ?

सुख के हो दुःख के हो
मनले खोज्ने खुशी के हो
भाविले निधारमा कर्म
लेखिदिने मसी के हो
कर्म लेख्ने मसी के हो
भाग्य तोक्ने कसी के हो
कर्म फुटे जोड्थें बरु
तर मन जोड्ने केले हो

पोहोर साल खुशी फाट्दा
जतन गरी मनले टालेँ
त्यही साल माया फाट्यो
त्यसलाई पनि मनले टालेँ
यसपालि त मनै फाट्यो
केले सिउने, केले टाल्ने हो ?

'हामीले आएका कुरालाई नोटिसमा लिएका छौं,' घिमिरेले भने, 'रुजुपछि सच्याउनुपर्ने कुराहरू सूचना टाँस गरेरै सच्याउने छौं।' यो काम मंगलबारसम्म हुनेसमेत उनले बताएका छन्।

गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापाले यसका बारेमा शिक्षा मन्त्री रघुजी पन्तसमेतलाई जानकारी गराइसकेको जनाएका छन्। 'शिक्षा मन्त्री पन्तको सचिवालयलाई हामीले जानकारी गराएका छौं। केही दिनमा अवश्य पनि यसको परिणाम आउला भन्ने सोचेका छौं।'

सामाजिक सञ्जालहरूमा पाठ्यपुस्तकको तस्वीर भाइरल भएयता संगीत क्षेत्रले तीव्र रुपमा प्रतिक्रिया दिएको थियो। कयौं गायक तथा संगीतकारले केन्द्रको लापरवाहीको तीव्र आलोचना गरेका छन्।


अरुणा लामा

अरुणा लामाद्वारा स्वरबद्ध यस गीतलाई अम्बर गुरुङले संगीतबद्ध गरेका थिए। गायिका लामाको २०५४ साल माघमा र संगीतकार गुरुङको निधन भइसकेको छ। गीत लेख्दा थापा जम्मा २३ वर्षका थिए। २०३३ सालमा उनले गीत रचना गरेको बताए। गीतकार थापा भन्छन्, 'यो गीत शुरुमा अम्बर गुरुङले नारायण गोपाललाई गाउन दिने कुरा थियो। केही महिना विदेश बसेर फर्कंदा त अरुणा लामाको स्वरमा यो गीत हिट भइसकेको छ।'

गायिका लामाले यो गीत सुनिसकेपछि अम्बर गुरुङसँग गाउन हत्ते गरेपछि उनैलाई दिएको पछि थाहा पाए। गीत हिट भइसकेको करिब डेढ वर्षपछि मात्र गायिका अरुणा लामालाई भेटेको उनी सुनाउँछन्।

पहिलो भेट निकै रोचक रहेको बताउँदै उनले शुरुमा यो गीत थापाले नै लेखेको भनेर नपत्याएको सुनाए। 'भाइ त कलिलै हुनुदोरहेछ, यस्तो गीत लेख्ने मान्छे त हरिभक्त कटुवालजस्तै बूढो टाइपको होला भन्ने सोचेको थिएँ,' गायिका लामाका कुरा सम्झँदै थापाले बताए।

# मनीषासँग काम गर्न रुचाउँदैनन् अजय



'म कहिल्यै पनि उनीसँग नजिक भइनँ। मैले कहिल्यै फोन गरिनँ। मैले कहिल्यै एक्लै भेटिनँ। उनले जे जति कुरा गरिन्, शायद चर्चा पाउनका लागि गरिन्।'

फिल्म उद्योगमा दुई जना मात्र अभिनेत्री रहे र तिनीहरूसँग काम गर्नु परे अभिनेता अजय देवगन के गर्लान् ? उनको उत्तर छ, 'बरु म काम नै छोडिदिन्छु, ती दुई जनासँग म काम गर्दिनँ।'

उनले काम गर्न मन नगरेका दुई अभिनेत्रीमध्ये एक हुन्, मनीषा कोइराला। अर्की अभिनेत्री रवीना टण्डन हुन्। रवीनासँग त उनको अफेयरको समेत चर्चा हुने गर्थ्यो। सन् १९९४ मा रिलिज भएको सो फिल्म सुटिङ हुँदा यी दुईबीच अफेयर भएको हल्ला चल्ने गर्थ्यो।

कतिसम्म भने एक पटक त अजय र रवीनाको ब्रेकअप भएपछि रवीनाले आत्महत्या नै गर्न खोजेको भनी समाचार प्रकाशित भएको थियो। रवीनाको त्यो हदको पागलपन देखेपछि अजयले रवीनालाई मनोविद्को सल्लाह लिन सुझाव दिएका थिए। त्यसो नगरे, उनले पछि पागलखाना नै जानुपर्ने अवस्था आउने भनी सचेत गराएका थिए। नवभारत टाइम्ससँगको कुराकानीमा देवगनले रवीनासँगको सम्बन्ध बिग्रनुको खासै कारण नभए पनि पछि आफ्नो रुचि घटेको हुनसक्ने बताएका थिए। 'म उनलाई मायाँ गर्दिनथिएँ, त्यसैले पछि टाढिएँ,' देवगनले भनेका छन्।

सम्बन्धका बारेमा प्रष्टोक्ति दिँदै भनेका छन्, 'म कहिल्यै पनि उनीसँग नजिक भइनँ। मैले कहिल्यै फोन गरिनँ। मैले कहिल्यै एक्लै भेटिनँ। उनले जे जति कुरा गरिन्, सायद चर्चा पाउनका लागि गरिन्।' उनले यहीँनेर टिप्पणी गर्दै भनेका छन्, 'मलाई धेरैजसो नायिकासँग काम गर्न कुनै समस्या छैन। दुई जनासँग मात्र छ। एउटी रवीना र अर्की मनीषा कोइराला।'

'यी दुईबाहेक सबै हिरोइनसँग मेरो राम्रै सम्बन्ध छ,' उनले टाइम्ससँग कुरा गर्दै भनेका छन्, 'संसारमा मनीषा र रवीना मात्र बाँचे र उनीहरूसँग फिल्म गर्नुपर्ने अवस्था आयो भने पनि म उनीहरूसँग काम गर्दिनँ।' उनले मनीषासँगको झगडाको कारण बताउँदै भनेका छन्, 'मनीषा र रवीना दुवै झूटो बोल्न माहिर छन्। ती दुवै कुण्ठित छन्। मलाई बनावटी मान्छे मन पर्दैन। मनको साँचो मान्छेसँग मेरो कहिल्यै कुरा बिग्रेको छैन।'

मनीषा र अजय देवगनले केही फिल्ममा सँगै अभिनय गरेका छन्। 'हिन्दुस्तान की कसम' र 'कच्चे धागे' सन् १९९९ मा, 'लज्जा' २००१ मा, कम्पनी (२००२) र 'महेबुवा' २००८ मा रिलिज भएको थियो।

नवभारत टाइम्सको यो समाचारको सत्यताबारे मनीषासँग कुरा गर्न खोज्दा उनको नेपालस्थित नम्बरमा सम्पर्क हुन सकेन।

# नर्सको कविता संग्रह



बेलायतको टन्टमस्थित समरसेटमा रहेको सेन्ट मार्गेट्स हस्पिसमा लामो समयदेखि काम गरिरहेकी निकोल डुर्मन ज्यादै संवेदनशील नर्स हुन्।

उनको हस्पिसमा आएका वृद्धवृद्धाहरू हेर्दाहेर्दै कोही बितेर जान्थे, कोही आफ्ना सन्तानको कुराइमा हुन्थे। तिनको मनोदशा देखेर निकोलको मन हुँडलिन्थ्यो। संवेदनाको उहापोहमा उनलाई कविता फुर्ने गर्थ्यो।

तिनै कविताहरू संकलन गरेर उनले बजारमा ल्याएकी छन्, 'द गोस्ट्स अफ नाइटशिफ्ट्स'। ३९ वर्षीया निकोलले यो कविता संग्रहलाई ती वृद्ध-वृद्धा र रोगीहरूप्रति समर्पित गरेकी छन्। 'कविता त जन्म्यो तर त्यो जन्माएको मैले होइन,' निकोल भन्छिन्, 'यसको श्रेय त म ती वृद्धवृद्धालाई दिन्छु, जसको जीवनले मलाई भित्रैसम्म छोयो र मलाई लेख्न बाध्य पाऱ्यो।'

सन् २०११ मा अमेरिकाबाट बसाइँ सरेर बेलायत छिरेकी उनले शुरुमा आफ्नो करियर लेखनमै जमाउने उद्देश्य राखेकी थिइन्। जीवनमा उनले सोचेजस्तो भने हुन सकेन। त्यसैले हस्पिसमा काम गर्न थालिन्।

'म ज्यादै संवेदनशील छु, मलाई कुनै कुरालाई छाड्न निकै गाह्रो हुन्छ,' उनले बीबीसीसँग भनेकी छन्, 'अन्य कामदारले आफ्नो काम अफिसमा नै छाड्छन्, छाड्न सक्छन् तर नर्सहरूले आफ्नो कामको भारी आफूसँगै बोकेर घर पुग्छन्। उनीहरूलाई त्यो भावनात्मक लगाव अफिसमा छाड्न असम्भव हुन्छ।'

संवेदना उनमा यसरी टाँसिन्थ्यो कि अफिसबाट घर आइपुग्दा पनि खहरे बगेझैं कविताहरू फुर्थे। उनले यसपछि पुस्तकका लागि पर्याप्त कविता संकलन गरिन्। र, जब पुस्तकका लागि प्रकाशकसँग पहल गरिन्, बल्ल शान्ति पाइन्।

यो कवितासंग्रहले स्वास्थ्य क्षेत्रका कामदार, बिरामी र अन्य व्यक्तिलाई छुने अपेक्षा गरेकी छन्। उनी भन्छिन्, 'भावना सबैसँग हुन्छ तर अभिव्यक्त गर्ने कौशल सबैसँग नहुन सक्छ। यो कविताले अभिव्यक्त गर्न नसक्नेहरूलाई अझ बढी छुने अपेक्षा गरेकी छु।'



बाह्र वर्षअघि बेलायतको वेम्बली स्टेडियममा कन्सर्ट दिएको नेपथ्यले १० हजार दर्शकमाझ यस पटक पुनः कन्सर्ट दिएको छ। यूरोप भ्रमणमा रहेको नेपालको लोकप्रिय ब्यान्ड नेपथ्यले यस पटकको कन्सर्टमा डेनमार्क, माल्टा, पोर्चुगल र बेल्जियममा समेत मञ्च तताउने भएको छ।
*तस्वीरः दीपित/नेपालय*

# दुर्लभ पोस्टकार्ड


सन् १९४० को अक्टोबरमा लन्डन लाइब्रेरीमा एउटा पोस्टकार्ड आइपुग्यो। उक्त पोस्टकार्डमा केही किताबहरू पठाइदिन अनुरोध गरिएको थियो। दोस्रो विश्वयुद्धको सो अवधिमा कसैले पोस्टकार्डमार्फत कुनै पुस्तकालयलाई अनुरोध गरी आफूलाई मनपर्ने पुस्तक मगाउन सकिन्थ्यो।



तर यस्तो अनुरोध यस पटक सामान्य व्यक्तिको थिएन। त्यस बेलाका प्रख्यात लेखक इ.एम. फोस्टर थिए। उनी त्यसबेला निकै लोकप्रिय भइसकेका थिए। यही लोकप्रियताका कारण लन्डन लाइब्रेरीका लागि यो विशेष पत्र बन्न पुग्यो। उसले अहिलेसम्म यो पोस्टकार्डलाई सुरक्षित राखेको छ।

फोस्टर सन् १९०४ देखि नै लन्डन लाइब्रेरीका सदस्य रहँदै आएका थिए। लेखकहरूमध्ये उनी पुस्तकालयका प्रेमीका रुपमा पहिल्यै परिचित थिए। उनी सम्भवतः पुस्तकालयकर्मीहरूसँग नियमित सम्पर्कमा हुन्थे। यही कारणले यस्ता प्रकारका छ वटा अन्य पोस्टकार्डहरू पनि पुस्तकालयको अभिलेखमा सुरक्षित राखिएका छन्।

यस विशेष पोस्टकार्डमा उनले १९ औं शताब्दीका फ्रेन्च रोमान्टिक लेखक प्रास्पर मेरिमीका कथाहरू मागेका छन्। उनले मागेको उपन्यासमा खासगरी विशेषगरी कार्मेन र कोलोम्बा शृंखलाका उपन्यासहरू छन्। सन् १८४९ दशकका यी जीवन्त नोभेला (लघुउपन्यास)हरू मृत्यु, हिंसा र प्रेमका विषयमा आधारित छन्।



लण्डन लाइब्रेरीले सामाजिक सञ्जालमा लेखेको छ, 'यो पोस्टकार्ड हेर्दा लेखक फोस्टरलाई नाटकीय उपन्यासहरू मन पर्ने देखिन्छ।' उनका पोस्टकार्डहरूकै कारण मात्र उनको समग्र साहित्यको स्वाद फेला पर्ने निष्कर्ष निकाल्न नहुने बताउँदै पुस्तकालयले भनेको छ, 'उनको उम्दा स्वादको परख कसरी पनि थाहा हुन्छ भने एउटा पोस्टकार्डमा उनले माइकल एञ्जेलोका मूर्तिहरूमाथि लेखिएको 'फाइडन' शृंखलाका पुस्तकहरू पनि मगाएका छन्।'

उनी पुस्तकालयको महत्व निकै ठूलो मान्थे। त्यसैले सन् १९६० मा सन् १९२४ ताका लेखेको उपन्यास 'अ प्यासेज टू इन्डिया'को पाण्डुलिपि पुस्तकालयलाई दान दिएका थिए। पाण्डुलिपि पछि पुस्तकालयले बिक्री गरेको थियो। बढाबढमा पाण्डुलिपि ६ हजार ५ सय पाउण्ड (१२ लाखभन्दा बढी रुपैयाँ) मा बिक्री भएको थियो। त्यो बेला कुनै जीवित लेखकको पाण्डुलिपिका लागि यति धेरै रकम तिरिएको पहिलो पटक थियो।



# बच्चनको केबीसी मूल्य पाँच करोड

हिजोबाट सोनी टीभीमा 'कौन बनेगा करोडपति' (केबीसी) को सत्रौं सिजन शुरु भएको छ। यसमा अमिताभ बच्चनले पुनः 'देवी तथा सज्जनवृन्द' भन्दै कार्यक्रमलाई अघि बढाइरहेका छन्।

यो क्विज शो का होस्ट ८२ वर्षे बच्चनले प्रति एपिसोड पाँच करोड भारु लिने गर्छन्। टेलिभिजनको कुनै एउटा शोको एउटा भागका लिइने पारिश्रमिक यो सबैभन्दा बढी भएको नवभारत टाइम्सले जनाएको छ। सिजन १७ औं भए पनि यो कार्यक्रम शुरु भएको २५ वर्ष पूरा भएको छ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला